# प्रभाव दैनिक
National Daily



**विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं**

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीब्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रूपमा रोकिसकेपछि मात्र विद्यार्थीहरूलाई चढाऔं र आरालौं,
- विद्यार्थीहरु सिटमा बसिसकेपछि मात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरूले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष १० अंक २६० काठमाडौं शुक्रबार, ५ माघ २०८० Prabhab National Daily Friday, January 19, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# ओली किन चिढिए सरकारसँग ?



- छोटो तीन दिनको तयारीमा हामी राष्ट्रिय आन्दोलनको तयारीमा उत्रनुपर्ने हुन सक्छ, यो मानसिकताका साथ जान जरूरी छ
- अहिलेको सरकारमा भएका दलहरु एकै वंश, एकै नश्लका हुन् । र यी भ्रष्टाचारी वंशका हुन् । यी कमिसनतन्त्रीय वंशका हुन् । यिनको गोत्र निकम्मा गोत्र हो । यिनको जात देशद्रोही हो
- देश बर्बाद हुन लाग्यो भने कहाँ मिसन २०८४ ? ०८४ को चुनाव भनेर पर्खिएर बसेर हुन्छ ? उस्तै पऱ्यो भने यो गठबन्धन भत्काएर..!

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ताको बागडोर सम्हालेको वर्ष दिन पुगिसकेको छ । सरकार चौतर्फी रूपमा असफल भएको सत्तारुढ दलभित्रै आरोप लागे पनि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले भने यो अवधिभर लगभग मौन नै रह्यो ।

बरु प्रधानमन्त्री दाहाल आफैले प्रत्येक मन्त्रीको कार्यसम्पादन प्रतिवेदन खोजिरहेका छन् । आफूले केही गर्न नसकेको भन्दै आत्मसमीक्षा गरिरहेका छन् । प्रधानमन्त्रीले दिएको निर्देशन कतै पालना नभएपछि आफ्नै सचिवालयका १३ सदस्य हटाएर पुनसंरचनाको उदाहरण देखाएका छन् । तर यो बीचमा एमाले न त संसदीय समितिमा कडा रूपमा देखिए, न त सरकारका विभिन्न भ्रष्टाचार काण्डमा । प्रमुख प्रतिपक्षको मौनता बुझिनसक्नु भएको भन्दै आलोचना बढ्न थालेपछि बिहीबार एमाले अध्यक्ष केपी शर्मा ओली सरकारविरुद्ध आक्रामक सुनिएका छन् ।

ओलीले अहिलेको सरकार तरकारी बारीको बुख्याचा जस्तो भएको तर्क पेश गर्दै निकम्मा भन्न भ्याए । 'केही गर्ने होइन त्यसले । अहिले त त्यसका टाउकामा सुगा पनि बस्छ । त्यसका टाउकामा काग पनि बस्छ । सबै बस्छ,' ओलीले भने, 'किनभने, चिनिसके यो बुख्याचा हो । यो खासै केही होइन । यसले केही गर्न सक्दैन भन्ने चिनिसके । त्यसका टाउकामा बस्छ । त्यस्तो बुख्याचा, निकम्मा सरकार छ ।'

पार्टी मुख्यालय बल्खुमा आयोजित नेपाल खेलकुद महासंघको कार्यक्रममा सम्बोधन गर्दै ओलीले सरकारविरुद्ध धेरैपछि यस्तो प्रहार गरेका हुन् ।

### आन्दोलनको तयारीमा रहन निर्देशन

अब सरकारविरुद्ध जतिसुकै बेला आन्दोलन गर्न पर्ने अवस्था रहेकोले कर्याकर्तालाई तयारी अवस्थामा रहनसमेत निर्देशन दिए । 'हामीले आफूलाई आन्दोलनका निम्ति तयार राख्नुपर्छ । पार्टीले जतिबेला सिठी बजाउँछ, खेलाडीहरू छरिएका हुनसक्छन्, सुइयँ सिठी बजाएपछि लाइनमा बस्छन्, हामी त्यस्तै हो । पार्टीले सिठी बजायो भने आन्दोलनको मैदानमा दौडने गरी, हामीलाई धेरै दिनको तयारी नहुनसक्छ,' ओलीले भने, 'छोटो तीन दिनको तयारीमा हामी राष्ट्रिय आन्दोलनको तयारीमा उत्रनुपर्ने हुन सक्छ, यो मानसिकताका साथ जान जरूरी छ ।'

अध्यक्ष ओलीले समानुपातिक मत नहुने हो भने गठबन्धन दलको बिजोग भइसक्ने तर्कसमेत गरे । 'अहिले एउटा निर्णायक लडाइँ हामी लडिरहेका छौं, उनीहरू आतंकित किन छन् भने एक्लै त कोही लड्न सक्दैन, हामी एक्लै ८० सिट ल्याउँछौं ।

(क्रमशः पृष्ठ २ मा)

# सत्ता जोगाउन ब्युताउँदै पुरानै ऐन !



■ जेबी योञ्जन

- राजनीतिक दलसम्बन्धी ऐन २०७३ ब्युँताउने तयारी
- दल विभाजन गर्न संसदीय दल र केन्द्रीय समितिमा ४० प्रतिशत अनिवार्य
- ११ असोज २०७८ मा अध्यादेश खारेजपछि पुरानो ऐन ब्युताउँनुपर्ने

**काठमाडौं–** सरकारले नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा)लाई विभाजन गरेको दुई वर्षपछि राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई ब्युँताउने भएको छ । त्यसका लागि सरकारले विधेयक संसदमा पेस गरिने भएको छ ।

सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार संसद्मा विधेयक पेस गर्न बुधबार बसेको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरिसकेको छ । ब्युँताउने भनिएको ऐनमा राजनीतिक दल विभाजनसम्बन्धी कडा प्रावधान छ । ऐनको दफा ३३ को उपदफा २ मा केन्द्रीय समिति र संसदीय दल दुबैमा ४० प्रतिशत सदस्यहरू जुटाउनुपर्ने अनिवार्य प्रावधान छ । जुटाउन नसके कुनै पनि दलबाट अलग हुने पदाधिकारी वा सांसदहरूको पद गुम्न सक्ने व्यवस्था छ ।

तर, संसदीय दल वा केन्द्रीय समितिमा २० प्रतिशत भए दल विभाजन गर्न सकिने गरिको प्रावधानयुक्त अध्यादेश २ भदौ २०७८ मा शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले ल्याएको थियो ।

यति खुकुलो प्रावधान उल्लिखित अध्यादेश ल्याउनुको तात्कालिक उद्देश्य एमालेबाट माधवकुमार नेपाल समूह र जनता समाजवादी पार्टी (जसपा)बाट महन्थ ठाकुर समूहलाई अलग पार्न सहज हुने आधार खडा गर्नु थियो । अन्ततः दल विभाजनको खुकुलो मानिने यही प्रावधानअनुसार नेपाल र ठाकुर समूह आ-आफ्ना दलबाट बाहिरिए ।

त्यसबेला एमालेका ३० जना सांसद र ५६ जना केन्द्रीय सदस्यसहित नेपालले नयाँ दल दर्ता गरे । जुन दल नेकपा एकीकृत समाजवादी हो । जसपाबाट नेता महन्थ ठाकुर पनि १४ सांसद र १७ जना केन्द्रीय सदस्य लिएर पार्टीबाट अलग भए । हाल ठाकुर नेतृत्वमै लोकतान्त्रिक समाजवादी पार्टी छ ।

एमाले र जसपा फुटेपछि मात्र तत्कालीन प्रधानमन्त्री देउवाको पक्षमा बहुमत निश्चित भएको थियो । उनी सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री नियुक्त भएका थिए ।

तर, नेपाल र ठाकुर आ-आफ्ना दलबाट अलग भएर नयाँ दल गठन भएको अवस्थामा ११ असोज २०७८ मा अध्यादेश फिर्ता लिएको थियो । त्यसबेला दल विभाजन हुन सक्ने खतराको विश्लेषण तत्कालीन गठबन्धन दलहरूको थियो । अहिले पनि गठबन्धनका कुनै दल विभाजन त हुने होइन ? गठबन्धन दलका शीर्षस्थ नेताहरू शंकित छन् । यहीबेला सरकारले प्रतिस्थापन विधेयक ल्याएर पुरानै राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई ब्युँताउने भएको हो ।

यसप्रति प्रमुख विपक्षी दल नेकपा एमाले सकारात्मक देखिएको छ । एमाले नेता शेरबहादुर तामाङले दल फुटाउन ४० प्रतिशत संसदीय दल र केन्द्रीय समितिमा पुऱ्याउनुपर्ने व्यवस्था अपरिवर्तनीय राखिए झन् उत्तम हुने बताए ।

'दलहरू लोकतन्त्रमा टुट्नुफुट्न राम्रो मानिँदैन । दलहरू जति बलिया हुन्छन्, त्यति नै लोकतन्त्र मजबुत हुन्छ । त्यसकै लागि भनेर पहिले संसदीय दल र केन्द्रीय समित दुवैमा ४० प्रतिशत थियो तर बदनियतपूर्ण तरिकाले दल फुटाउन २० प्रतिशत केन्द्रीय समिति वा संसदीय दल जहाँ पुऱ्याए पनि हुने व्यवस्थासहित अध्यादेश ल्याए', उनले प्रभावसँग भने, 'तर, ४० प्रतिशत संसदीय दल र केन्द्रीय

(क्रमशः पृष्ठ २ मा)



दलहरु जति बलिया हुन्छन्, त्यति नै लोकतन्त्र मजबुत हुन्छ । त्यसकै लागि भनेर पहिले संसदीय दल र केन्द्रीय समिति दुवैमा ४० प्रतिशत थियो । तर बदनीयतपूर्ण तरिकाले दल फुटाउन २० प्रतिशत केन्द्रीय समिति वा संसदीय दल जहाँ पुऱ्याए पनि हुने व्यवस्थासहित अध्यादेश ल्याए ।

**शेरबहादुर तामाङ**
**स्थायी कमिटी सदस्य**
**नेकपा एमाले**



दल विभाजनसम्बन्धी ऐन विपक्षी दलमाथि प्रहार गर्ने माध्यम भएको छ । विपक्षीलाई थप कमजोर बनाउने षड्यन्त्रको आधारशीला बनेको छ । जसबाट मात्रै सरकार टिकाउने बदनीयतपूर्ण खेल हुने गरेको छ ।

**महेश नेपाल**
**वरिष्ठ अधिवक्ता**

**सन्दर्भ: वैदेशिक रोजगार**

# बोर्डका कार्यकारी निर्देशकलाई बहिस्कार गर्ने चेतावनी

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीलाई बहिस्कार गर्ने चेतावनी दिएको छ । संघले श्रमिकको हितमा कल्याणकारी कार्य गर्ने भन्दै बोर्ड र मलेसियाको नीजि कम्पनी फरेन वर्कर्स वेलफेयर सेन्टर (एफडब्लुडब्लुएमसी)बीच भएको सम्झौता रद्द नगरे उप्रेतीलाई बहिस्कार गर्ने चेतावनी दिएको हो ।

संघले बिहीबार बोर्डलाई ज्ञापनपत्र बुझाउँदै नेपालबाट मलेसिया जाने कामदारको सम्बन्धमा नेपाल-मलेसिया सरकारबिच भएको द्विपक्षिय श्रम सम्झौता विपरित बोर्डले नीजि कम्पनीसँग सम्झौता गरेकोमा आपत्ति जनाएको छ । एफडब्लुडब्लुएमसी भन्ने कम्पनीसँग भएको सम्झौता खारेज नभए बोर्ड कार्यकारी निर्देशकको भूमिका र पदीय दायित्वप्रति प्रश्न खडा हुने संघले जनाएको छ ।

'वैदेशिक रोजगार बोर्डको २०८०/०७/२१ गतेको बैठकले दिएको म्यान्डेट र प्रचलित कानून विपरितको सम्झौता रद्द गर्नु हुन अनुरोध गर्दछौं । उक्त सम्झौता खारेज नगरेमा तपाईंलाई बोर्डको कार्यकारी निर्देशकको पदमा बसेर गलत कार्य गरेको ठहर गर्दै बहिस्कार गर्न बाध्य हुनेछौं,' ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

संघले बोर्ड र कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारबारे स्मरण गराउँदै वैदेशिक रोजगार ऐन २०६४ विपरित देखिएको भन्दै विदेशी कम्पनीसँग नेपाली कामदारको विषयमा सम्झौता गर्न पाउने प्रावधान नरहेको प्रस्टयाएको छ । जसमा कार्यकारी निर्देशकले अधिकार क्षेत्रभन्दा बाहिर गई सम्झौता गरेकाले खारेजीको भागीदार हुने बताइएको छ । कुनै पनि विदेशी सरकार, संस्था र कम्पनीसँग सम्झौता गर्नुपूर्व मन्त्रिपरिषद्बाट स्वीकृति लिनुपर्ने व्यवस्थाका बावजुद पनि परराष्ट्र मन्त्रालय र मलेसियास्थित नेपाली दूतावासलाईसमेत जानकारी नदिनुले कार्यकारी निर्देशकले गरेको सम्झौता अवैध ठहर्ने संघले उल्लेख गरेको छ ।

बोर्ड सञ्चालन प्रक्रियामा संघको अध्यक्ष पदेन सदस्य हुने व्यवस्था अनुरूप बोर्ड सचिवालयको बैठकमा कल्याणकारी कार्यको लागि कार्यकारी निर्देशकलाई अख्तियारी दिने कुरा उठान भएपनि विषयवस्तु प्रस्ट नभई कुनै निर्णय गर्न नसकिने गरी बैठक सकिएको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'तर म लगायत उपस्थितहरूको हस्ताक्षर तोडमोड गरी निर्णय गरेको पाइयो,' उनले भने, तत्पश्चात कुनै बैठक नगरी एफडब्लूडब्लूएमसीसँग सम्झौता भएको विषय बाहिरियो, तसर्थ कानुन विपरीत भएको उक्त सम्झौता खारेज गर्न अल्टिमेटम दिएका छौं ।'

बोर्ड र एफडब्लूडब्लूएमसीबीच भएको सम्झौता रद्द गर्न भनेर अल्टिमेटम पत्र बुझाइएको भण्डारीले बताए । सम्झौता खारेजीको लागि कार्यकारी निर्देशकलाई भेट्ने र छलफल गर्ने भन्ने पटक पटकको प्रयास असफल भएपछि अल्टिमेटम नै दिनु परेको उनको भनाई छ ।

(क्रमशः पृष्ठ २ मा)

## रसिया पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं, (प्रस)–** सरकारले वैदेशिक रोजगारीको लागि रसिया जान रोक लगाउँदै श्रम स्वीकृति दिन बन्द गरिसकेको छ । तरपनि रोजगारीको लागि रसिया पठाइदिने भन्दै बिचौलियाहरूले नेपाली युवालाई ठग्ने क्रम रोकिएको छैन ।

यसैबीच रोजगारीको लागि रसिया पठाउने बहानामा रकम संकलन गरी फरार भएको आरोपमा एक जना पक्राउ परेका छन् । रसिया पठाइदिने भन्दै बेरोजगार युवासँग रकम संकलन गरी फरार रहेको आरोपमा कैलालीको लम्कीचुहा नगरपालिका- ६ घर भई हाल कीर्तिपुर नगरपालिका- १० बस्ने बर्ष २८ को सरोज थापालाई प्रहरीले पक्राउ गरेको हो ।

थापाले मोहन साउदलाई वैदेशिक रोजगारीका लागि रसिया पठाई एक प्रतिष्ठित कम्पनीमा मासिक एक लाख रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाई सात लाख ३० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पटक पटक गरी उक्त पैसा लिएर सम्पर्कविहीन अवस्थामा रहेका उनलाई खोजतलासको क्रममा कीर्तिपुर पाँगा दोबाटोबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका थापालाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### सत्ता जोगाउन...

समितिमा आवश्यक हुने व्यवस्था हेरफेर गर्न नसकिने गरिको ल्यायो भने ठीक हुन्छ।'

३ असोज २०७२ मा जारी संविधानमै राजनीतिक दल विभाजनमा कडाइ हुनेगरिको प्रावधान उल्लेख थियो। सोहीअनुसार संविधान जारी भएको एक वर्षपछि ऐन जारी भएको हो। उक्त ऐनमा टेकेर नयाँ दल खोल्नु सहज थिएन। जतिबेला उपेन्द्र यादव नेतृत्वको दल समाजवादी पार्टीबाट केही सांसदहरू अलग हुन चाहिरहेका थिए। तर, अलग हुन आवश्यक सांसद संख्या र केन्द्रीय समिति सदस्य संख्या पुग्ने अवस्था थिएन। त्यसपछि ओलीले संसदीय दल वा केन्द्रीय समितिमध्ये एकमा ४० प्रतिशत पुगेको अवस्थामा दल विभाजन गर्न सकिनेगरिएको अध्यादेश ल्याए। तत्कालीन प्रमुख विपक्षी दल कांग्रेस, सत्तारुढ नै रहेको दल नेकपाको पुष्पकमल दाहाल पक्षसहितले विरोध जनाएका थिए। पछि ओलीले ल्याएको अध्यादेश स्वतः निश्क्रिय भयो।

ओली र उनी नेतृत्वको सरकारलाई त्यसबेला कांग्रेस सभापति देउवासँगै दाहाललगायत नेताहरूले प्रतिगामी भनेका थिए। दलहरू विभाजन गराएर लोकतन्त्रलाई कमजोर बनाउन खोजेको भन्दै विरोध जनाएका थिए। राजनीतिक विश्लेषकहरका अनुसार ओलीले त्यसबेला समाजवादी पार्टी विभाजन गरेर आफ्नो शक्ति थप मजबुत गर्न थाहेका थिए। जुन पूरा भएन। तर, देउवाले पनि आफू प्रधानमन्त्री भएपछि दल विभाजनकै लागि खुकुलो प्रावधानसहितको अध्यादेश जारी गरे। जस आधारमा नेपाल नेतृत्वमा नेकपा एस र ठाकुर नेतृत्वमा लोसपा गठन भएको छ।

अझसम्म यी दलहरू कतै फुट्दैनन् ? आशंका छ। यहीबीच सरकारले दल विभाजनसम्बन्धी पुरानो व्यवस्थालाई कायम गर्न खोजेको हो। तर, यसलाई संवैधानिक कानुनका जानकार वरिष्ठ अधिवक्ता महेश नेपाल दलविभाजन सम्बन्धी ऐन सत्तामा रहने दलका लागि विपक्षी दल फुटाउने र सरकार टिकाउने आधार बनेको छ। उनलाई यस्तो पटक्कै मन परेको छैन।

'एक तरिकाले भन्ने हो दल विभाजनसम्बन्धी ऐन विपक्षी दलमाथि प्रहार गर्ने माध्यम भएको छ। विपक्षीलाई थप कमजोर बनाउने षड्यन्त्रको आधारशीला बनेको छ', उनले भने, 'जसबाट मात्रै सरकार टिकाउने बदनीयतपूर्ण खेल हुने गरेको छ।' हाल भने राजनीतिक दल सम्बन्धी कानुनको रिक्तता छ। किनभने अध्यादेश फिर्तापछि त्यसलाई प्रतिस्थापन गरेर पुरानै ऐन जगाउन बाँकी छ।

### ओली किन..

उनीहरू एक्लै भए भने २०, ३०, ४० सिट पुऱ्याउने कोही हुँदैन,' ओलीले भने, 'समानुपातिकको भोट नहुने हो भने यिनीहरूको बेहाल हुन्छ, हामीसँग एक्लै लड्ने हो भने। त्यसैअनुसारको मानसिक तयारीमा रहन आग्रह गर्छु।'

### दाहाल सरकारको जात नै देशद्रोही

ओलीले देशको अवस्था अहिलेजस्तो खराब कहिल्यै नरहेको तर्क गरे। 'देशको अवस्था अहिलेजस्तो खराब कहिले थिएन। नेपाली समाज, राजनीति, अर्थतन्त्र, संस्कृति हरेक क्षेत्रमा आक्रमण भइरहेको छ। सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम गर्दै राष्ट्र जोगाउने पक्षमा भूमिका निर्वाह गर्नुपर्ने अवस्था रहेकाले आन्दोलनमा उत्रनुपर्ने हुनसक्छ,' ओलीको निर्देशन थियो।

ओलीले प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई देशद्रोहीको संज्ञासमेत दिए। 'एक जनाले भनेका थिए- कोसँग मेरो गर्धन जोडिएको छ, घाँटी जोडिएको छ। यिनीहरूको सबैको घाँटी एकै ठाउँमा जोडिएको छ। यिनीहरूको घाँटीमात्रै होइन सिंगै शरीर जोडिएको छ,' ओलीले भने, 'अंग्रेजीमा भनाइ छ- बर्ड्स अफ् द सेम फिगर फ्लाइ टुगेदर। यी एकै वंश, एकै नश्लका हुन्। र यी भ्रष्टाचारी वंशका हुन्। यी कमिसनतन्त्रीय वंशका हुन्। यिनको गोत्र निकम्मा गोत्र हो। यिनको जात देशद्रोही हो।'

ओलीले यो गठबन्धन भत्काएर भए पनि चुनावमा जानुपर्ने अवस्था आउन सक्नेसमेत बताए। 'देश बर्बाद हुन लाग्यो भने कहाँ मिसन २०८४ ? ०८४ को चुनाव भनेर पर्खिएर बसेर हुन्छ ? उस्तै पऱ्यो भने यो गठबन्धन भत्काएर..!,' उनले भने, 'यी लोभिपापीहरू नभत्कन सक्छन् !'

### केमा बुझेन चित्त ?

माओवादीका एक पदाधिकारीका अनुसार पछिल्लोपटक ओली प्रधानमन्त्री दाहालसँग नजिकिएका थिए। कांग्रेसलाई जसरी पनि सरकारबाट हटाउने प्रयास ओलीको थियो। तर प्रधानमन्त्री दाहालले ओलीको सुझावको सुनुवाई गरेका छैनन्। जसले गर्दा पनि ओली दाहाल सरकारसँग चिढिएको हुनसक्ने ती पदाधिकारीको दाबी रह्यो।

राष्ट्रिय सभामा सिट नपाएपछि ओली गठबन्धनसँग थप रुष्ट भएको बताइएको छ। माघ ११ गते १९ रिक्त पदका लागि राष्ट्रिय सभाको निर्वाचन हुँदैछ। फागुन २० गते राष्ट्रिय सभा अध्यक्षसहित एमालेकामात्र १० जना सदस्य बिदा हुँदैछन्। सबै क्षेत्रमा सत्ता गठबन्धनले तालमेल गरेका कारण एमाले राष्ट्रिय सभामा पहिलो दलबाट तेस्रो दलमा खुम्चँदैछ।

### बोर्डका कार्यकारी...

कार्यकारी निर्देशक जवाफदेही बन्नुपर्ने भन्दै सम्झौता रद्द गर्न पहल गर्नुको सट्टा भागेर हिँडेका कारण बहिस्कार नै गर्नुपर्ने अवस्थामा वैदेशिक रोजगार व्यवसायी पुगेको भण्डारीले बताए।

मलेसियामा काम गर्न जाने नेपालीको लागि कल्याणकारी कार्य गर्ने आवरणमा रोजगारदातासँग श्रमिक भर्ना प्रक्रियामा थप ४५ डलर शुल्क उठाउन पाउने गरी भएको सम्झौता यही जनवरी १ देखि लागू गर्ने भनिए पनि कार्यान्वयन नगर्न प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनले रोकिएको छ। सम्झौता कार्यन्वयन भएमा रोजगारदाताले व्यहोर्ने भनिए पनि पछि नेपाली श्रमिकको पारिश्रमिकबाटै कट्टा गर्ने प्रपञ्च रहेको भन्दै चौतर्फी आलोचना भइरहेको छ।


## NOC हराएको सूचना

मितिः २०८०/०७/२० गते घट्टेकुलो, डिल्लीबजारबाट अनामनगर गणेश मन्दिरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको No Objection Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु।

नामः रोमियो के.सी.
Ref. No. 789711651
जारी मितिः २०२२/०६/१३ ई.सं.
ठेगानाः राप्ती सोनारी-८, बाँके
मोबाइलः ९८२२५३३९१३

## राहदानी हरायो

मिति ०८०/०९/२९ गते सातदोबाटो ललितपुरबाट कोटश्वर तर्फ आउंदा सानो ब्याग, पासपोर्ट र अति आवश्यक कागजात उक्त ब्यागसँगै हराएकोले भेटनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गर्नुभएमा उचित पुरस्कार दिइनेछ।

नामः पुजा कुमारी पाण्डे
पासपोर्ट नम्बरः १२५८००२२
ठेगानाः चितवन
सम्पर्क नं.
९८४९२२४१७२/९८४५०९१५७

## अरिहन्त पोलिप्याक लिमिटेड
सोनापुर, सुनसरीको

### वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

अरिहन्त पोलिप्याक लिमिटेडको मिति २०८०/१०/०४ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७९।०८० को १६ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०८०।१०।२८ गते (तदनुसार ११ फेब्रुवरी २०२४)**
**समय : दिनको २.३० बजे**
**स्थान : कम्पनीको मुख्य कार्यालय,बिराटनगर**

**छलफलका लागि प्रस्तुत हुने विषयहरुः**

१. संचालक समितिले तयार गरेको आ.व.२०७९।८० को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. चालु आर्थिक बर्ष २०८०।०८१ का लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा।
५. विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


# बहिरंग र इमर्जेन्सी सेवाको टिकट शुल्क घटाइयो

**काठमाडौं (प्रस)**– स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा थैलीमा रहेको बहिरंग र इमर्जेन्सी सेवा टिकटमा लाग्ने शुल्क घटाउने निर्णय गरेको छ।

बोर्डकी सूचना अधिकारी ओमकुमारी कँडेलले वीमितको आर्थिक अवस्थालाई मध्यनजर गर्दै अस्पतालमा लाग्ने बहिरंग र इमर्जेन्सी सेवाका लागि लाग्ने टिकट शुल्क घटाउने निर्णय गरेको बताइन्। उनका अनुसार बहिरंग सेवा ५० रूपैयाँ र इमर्जेन्सी सेवाबापतको शुल्क १०० रूपैयाँ कायम गर्ने निर्णय गरिएको छ। बहिरंग सेवा र इमर्जेन्सी सेवामा घटाइएको शुल्क यही माघ ८ गतेबाट लागू गरिने उनले बताइन्।

यसअघि बहिरंग सेवा शुल्क १०० रूपैयाँ र इमर्जेन्सी सेवा शुल्क ४०० रूपैयाँ रहेको थियो। यस्तै बिमा बोर्डले कुनै पनि स्वास्थ्य सुविधा नलिएका वीमितलाई नवीकरण गर्दा १० प्रतिशत छुट दिने निर्णय गरेको छ। बोर्डका सूचना अधिकारी कँडेलले नियमितरूपमा स्वास्थ्य बिमा नवीकरण गरेका तर वर्षभरिमा कुनै पनि स्वास्थ्य बिमा सुविधा उपभोग नगरेका वीमितलाई नवीकरण गर्दा १० प्रतिशत रकम छुट गरिएको बताइन्।

पाँच जनाको परिवारसम्म सदस्य भएका परिवारले वार्षिक तीन हजार ५०० रूपैयाँको योगदान रकम तिरेपछि एक लाख रूपैयाँसम्मको सुविधा लिनसक्ने व्यवस्था रहेको छ। अहिलेसम्म कूल ७४ लाख ६६ हजार सात जना बिमामा आबद्ध रहेका र तीमध्ये ३४ लाख ७६ हजार ७७८ जनाले बिमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएका तथा ४८ लाख ५९ हजार ५१५ वीमितले नवीकरण गर्ने गरेका छन्।

यसैगरी स्वास्थ्य बिमा कार्यक्रममा सदस्यता आबद्धता भएपछि सेवा सुरु हुने समय पनि घटाउने निर्णय गरिएको छ। सूचना अधिकारी कँडेलका अनुसार स्वास्थ्य बिमा कार्यक्रममा सदस्यता आबद्धता भएपछि सेवा सुरु हुने समय तीन महिनाको रहेकामा त्यसलाई घटाएर दुई महिना कायम गरिएको छ। यसैगरी बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई उपचारबापतको शोधभर्ना रकम दुई/दुई महिनामा उपलब्ध गराउने निर्णयसमेत गरेको छ।


## चौतारा साँगाचोकगढी नगरपालिका
## Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

चौतारा, सिन्धुपाल्चोक
Chautara, Sindhupalchok
बागमती प्रदेश, नेपाल
Bagmati Provance, Nepal

### सूचिकृत हुने सम्बन्धी सूचना।

**सूचना प्रकाशित मिति : २०८०।१०।०५**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको वार्षिक नगर विकास योजनामा स्वीकृत कृषि विकास शाखा तर्फको कृषि चुन वितरण कार्यक्रम अनुसार नगरपालिका भित्रका कृषकहरुको माटो परीक्षण गरी परीक्षणबाट प्राप्त नतिजाका आधारमा कृषकहरुलाई चुन वितरण गर्ने कार्यक्रम रहेको हुँदा उक्त कृषि चुन उपलब्ध गराउन ईच्छुक चुन उत्पादक कम्पनी/उद्योग/सप्लायर्स लगायतका आधिकारीक विक्रेताहरुले नियमानुसार यस नगरपालिकाको कार्यालयमा मिति २०८०/१०/११ गते भित्र सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न राख्नुपर्ने कागजातहरु**

१. निवेदन
२. चुन उत्पादक कम्पनी/उद्योग/सप्लायर्स दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि
५. निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ ५ गते २०८०, शुक्रबार

| | |
|---|---|
| मेष | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ। |
| वृष | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ। |
| मिथुन | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला। |
| कर्कट | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ। |
| सिंह | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| कन्या | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला। |
| तुला | प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। |
| वृश्चिक | स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु होला। |
| धनु | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। |
| मकर | प्रेममा मनमुटावका साथै मन कमजोर रहला। |
| कुम्भ | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्। |
| मीन | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ ५ गते, २०८०, १९ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | १३३.२२ |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | १६८.३४ |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | ८७.९५ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | ९९.३७ |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | ३६.५२ |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | ३६.२७ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | १९.४५ |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | ४३२.९० |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ।

# आवश्यकता र योगदानमा आधारित सामाजिक सुरक्षा नीति

**काठमाडौं–** वार्षिक बजेटको ठूलो अंश सामाजिक सुरक्षामा खर्च हुन थालेपछि अधिकारभन्दा आवश्यकतामा आधारित सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले अबलम्बन गरेको छ । सरकारको आर्थिक स्रोत अपेक्षित रूपमा बढ्न नसक्ने तर दायित्व भने बर्सेनि थपिँदै जाने अवस्थामा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गर्ने नीति सरकारले लिएको हो ।

गत मंसिर २१ गतेको मन्त्रिपरिषद् बैठकले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गरेको थियो । सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गर्ने, तीन तहका सरकारको जिम्मेवारी बाँडफाँट गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकतामा राख्नेलगायत विषयलाई समेटेर यो संरचना ल्याइएको राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयालले जानकारी दिए ।

'हाम्रो कूल गार्हस्थ उत्पादन, बजेट आकार, जनसंख्याको वृद्धिदरको तुलनामा सामाजिक सुरक्षामा भइरहेको खर्चको वृद्धिदर निकै बढेको छ । यसलाई व्यवस्थित नगर्ने हो भने राज्यलाई धेरै ठूलो दायित्व सिर्जना भएर समस्या हुने देखिन्छ,' फुयालले भने, 'अधिकारमा आधारित सामाजिक सुरक्षालाई भन्दा आवश्यकतामा आधारितलाई बढी प्राथमिकता दिने र योगदानमा आधारित बनाउँदै लैजान यो नीति तयार पारिएको हो ।'

विभिन्न तहका सरकार र निकायबाट कार्यान्वयन भइरहेका सामाजिक सुरक्षा कार्यक्रमको दोहोरोपन हटाउने, 'एप्स' बनाएर एकीकृत तथ्यांक प्रणाली तयार पार्ने, राष्ट्रिय परिचयपत्रका आधारमा सामाजिक सुरक्षाभत्ता प्रदान गर्नेलगायत विषय समेटेर यो संरचना तयार पारिएको उनको भनाइ छ । कुन तहका सरकार र निकायबाट कति रकम सामाजिक सुरक्षामा गइरहेको छ भनेर नक्सांकन गरिएको फुयालले बताए ।

सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवा सुविधामा दोहोरोपन हुनका साथै सञ्चालन खर्च बर्सेनि बढिरहेको छ । हाल संघीय सरकारका १४ वटा मन्त्रालय र प्रदेश तथा स्थानीय तह गरी विभिन्न १९ कार्यक्रमअन्तर्गत ८७ वटा 'स्किम'मा सामाजिक सुरक्षा र संरक्षण उपलब्ध भइरहेका छन् । एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाले संघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीभित्र पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको विभाजनसमेत गरेको छ ।

भविष्यमा सञ्चालन गरिने सबै प्रकारका सामाजिक सुरक्षाभत्ता र सहयोग कार्यक्रमलाई अधिकारमा आधारित, आवश्यकतामा आधारित, बहुक्षेत्रगत सम्बन्ध तथा समन्वय र योगदानमा आधारित गरी चार प्रकारमा विभाजित गर्न लागिएको छ । अधिकारमा आधारित स्वास्थ्य, शिक्षा, आवासलगायतका कार्यक्रममध्ये निःशर्त नगद हस्तान्तरणका काम संघ सरकारबाट कार्यान्वयन गरिने छ । त्यस्तै सामाजिक सुरक्षा कार्यक्रमको दोहोरोपन हटाउन एकीकृत सूचना तथा व्यवस्थापन प्रणाली अनिवार्य रूपमा लागू गर्ने र योगदानरहित स्किमलाई योगदानमा आधारित उपायमा परिणत गर्ने नीति सरकारले लिएको छ ।

> 'हाम्रो कूल गार्हस्थ उत्पादन, बजेट आकार, जनसंख्याको वृद्धिदरको तुलनामा सामाजिक सुरक्षामा भइरहेको खर्चको वृद्धिदर निकै बढेको छ । यसलाई व्यवस्थित नगर्ने हो भने राज्यलाई धेरै ठूलो दायित्व सिर्जना भएर समस्या हुने देखिन्छ,'

सामाजिक सुरक्षा कार्यक्रममा तीन तहका सरकारबीच देखिएको दोहोरोपना हटाउन सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने आवश्यकता एकीकृत संरचनाले औंल्याएको छ । सबै निकाय तथा तहगत सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई अब एकल प्रणालीमा आबद्ध गरिने छ । त्यसैगरी, सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकल परिचय नम्बरका आधारमा सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले लिएको छ । सामाजिक सुरक्षाका हरेक कार्यक्रमको अलग-अलग संकेतका आधारमा बजेट व्यवस्थापन गर्ने नीति लिइने पनि एकीकृत संरचनामा उल्लेख छ । सामाजिक सुरक्षा कार्यक्रमका लागि अहिले छुट्टै बजेट संकेत नम्बर (कोड) तयार पारिएको पनि आयोगका सदस्य फुयालले जानकारी दिए ।

अहिले आर्थिक अवस्था राम्रो भएका र सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउन आवश्यक नभएका व्यक्तिले पनि त्यस्तो सुविधा पाइरहेको तर आर्थिक रूपमा कमजोर, सीमान्तकृत वर्ग तथा पाउनैपर्ने व्यक्ति वञ्चितीकरणमा परेको भनेर आलोचना भइरहेको छ । यो समस्या समाधानका लागि गरिबी तथा जोखिममा रहेका व्यक्ति, परिवार तथा समुदायको आवश्यकता पूरा गर्न सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ । सामाजिक सुरक्षा र संरक्षणलाई जीवनयापन चक्रमा आइपर्ने गरिबी र जोखिम न्यूनीकरणका लागि आवश्यक संरक्षणका उपायका रूपमा विकास गरिने जनाइएको छ ।

सहभागिता, अपनत्व तथा वित्तीय दिगोपनासहितको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई सरकारले बढी प्राथमिकता दिने एकीकृत संरचनामा उल्लेख छ । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा लाभग्राही स्वयंको योगदान, नेपाल सरकार वा तहगत सरकारबाट हुने योगदान, रोजगारदाताबाट हुने योगदान र तेस्रो पक्षीय योगदान रहने छ । यसरी सामाजिक सुरक्षा कार्यक्रमलाई योगदानमा आधारित बनाउँदै लैजाँदा वित्तीय स्रोतको अभाव नहुने अपेक्षा गरिएको छ ।

त्यसैगरी, सामाजिक सुरक्षाको खर्च व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारको कोष एकीकृत रूपमा परिचालन गर्ने, निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रकोसमेत सहभागिता अभिवृद्धि गर्नेलगायतका विधि अपाइने उल्लेख छ । नगदमा उपलब्ध गराइने सामाजिक सुरक्षाको भुक्तानीमासमेत निश्चित प्रतिशत सामाजिक सुरक्षा कर लगाइनुपर्ने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ । *रासस*

# दुर्लभ चरा चिनाउन 'होर्डिङ बोर्ड'

**कञ्चनपुर–** शुक्लफाँटा राष्ट्रिय निकुञ्जमा पाइने चराका तस्बिर अंकित भएको 'होर्डिङ बोर्ड' राख्ने काम अगाडि बढाइएको छ । नेपाल पन्छी संरक्षण संघ (बिसिएन) र प्रकृति पथ प्रदर्शक संघ शुक्लाफाँटाको सहयोगमा निकुञ्ज भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकलाई दुर्लभ चराबारे जानकारी दिने उद्देश्यले बोर्ड राख्ने काम गरिएको हो । बोर्डमा निकुञ्जमा पाइने दुर्लभ २४ प्रजातिका चराको नामसहितको तस्बिर राखिएको छ ।

यसमा सिमतित्रा, कैलोटाउके हाँस, राजलहाचे, खरमुजुर, सानो खरमुजुर, उत्कोशी फचालफचाले, गोमायु महाचील, रणमत्त महाचील, सारस, लोभीपापी गरुड, भुँडीफोर, बोक्सी चील, लघु महाचील, जीवाहार चील रहेका छन् । यसैगरी सेतो गिद्ध, डंगर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध, वन चाहा, सेतोकण्ठे घिप्सी, काँसे घाँसेचरी, नर्कट भ्याकुर, सुनौलो टोपचरा, बगाले बगेडीलगायत चराका तस्बिर होर्डिङ बोर्डमा अंकित गरिएको छ । होर्डिङ बोर्डमा चराको नेपाली र अंग्रेजी नामसहित राखिएको छ ।

'विश्वमै दुर्लभ लोपोन्मुख चरा जुन शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि पाइने गरेका छन्,' प्रकृति पथ प्रदर्शक संघ शुक्लाफाँटाका कार्यसमिति सदस्य सुवन चौधरीले भने, 'चराप्रेमी तथा निकुञ्ज भ्रमण गर्ने पर्यटकको सहजताका लागि होर्डिङ बोर्ड राखेका हौं ।' निकुञ्जको पर्यटन प्रवर्द्धन हुनेगरी पर्यटक सहयोगी चरा चिनारी बोर्ड राखिएको उनको भनाइ रहेको छ । चराका तस्बिर अंकित होर्डिङ बोर्ड नेपाल भारत सीमा गड्डाचौकी र निकुञ्ज प्रवेशद्वार अगाडि राखिएको छ । *रासस*

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Aastha International Employment Pvt. Ltd.** इजाजत नम्बरः ७१८/०६४/६५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

| नाम थर | नागरिकता नं. | सम्पर्क नम्बर |
|---|---|---|
| सन्तोष नेपाली | २६१०६०२४१४४ | ९८५१०४७१३९ |
| रमा खड्का | १७३०९८४० | ९८१८८५२२५१ |
| बिनोद कुमार चौधरी | ९४०४/१०४०४ | ९८२३७९१५९० |
| सरिता कुमारी चौधरी | ६२१४१ | ९८१८९७८३८६ |
| सोनिया तामाङ | २५-०९-७३-०९४९६ | ९८६४३३९७६९ |

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/१०/०५

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न बार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मालिका इङ्गलिस स्कूल कैलाली प्रा.लि. (प्रा.लि. नं. २९६८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सिद्धार्थ विद्या निकेतन कैलाली प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०३/१० मा दर्ता भएको **प्रा.लि. नं. ३१४५०९** को **जि.जि.पि. जेनिअस ग्रोथ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/१०/०५

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न बार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मालिका इङ्गलिस स्कूल कैलाली प्रा.लि. (प्रा.लि. नं. २९६८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सिद्धार्थ विद्या निकेतन कैलाली प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QANDEEL CONTRACTING CO.L L C

पूर्व स्वीकृति मिति : २०८०/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२३ | LT. No. 293913 | चलानी नं. ६०२०९०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 21 | 0 | 1200 | ४३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Moulding Maker | 7 | 0 | 1200 | ४३,४५० | | | | | | | |
| 3 | Plumber | 22 | 0 | 1200 | ४३,४५० | | | | | | | |
| 4 | Wiring Electrician Assistant | 6 | 0 | 1000 | ३६,२०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मितिः
चितवन -(Hotel Happy Home, haratpur-3, Chitwan) २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।
samparka 9851051977
बुटबल -(Tilottama institute of training & Trade test center, Butwal) २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।
पोखरा -(Bajeko sekuwa, prithibi chock 8 Pokhara) २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।
इटहरी -(Sunsari multiple Training center ithari sunsari) २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।
झापा -(Cp hotel, Birtamod, jhapa) २०८० माघ १६ गते (30th Jan. 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १७ गते (31th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJ AL RIYADH INTERNATIONAL SCHOOLS COMPANY

पुर्व स्वीकृति मिति २०८०/१०/०३ | LT. No. 298144 | चलानी नं. ६०२१३१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORX INTERNATIONAL CO. WLL

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 277628 | चलानी नं. ६०१९३१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stainless Steel Polisher | 10 | 0 | 120-140 | ५१,६४०-६०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder (Sheet Metal) | 20 | 0 | 130-150 | ५५,९४५-६४,५५५ | | | | | | | |
| 3 | Fabricator (Sheet Metal) | 20 | 0 | 130-150 | ५५,९४५-६४,५५५ | | | | | | | |
| 4 | Spray Painter/powder Coating Personnel | 5 | 0 | 120-130 | ५१,६४०-६०,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CALANDRA HOSPITALITY AND GENERAL CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298101 | चलानी नं. ६०२१३१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 5 | 0 | 2500 | ९१,३०० | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1200 | ४३,८२५ | | | | | | | |
| 4 | Receptionist | 0 | 0 | 1500 | ५४,७८० | | | | | | | |
| 5 | Supervisor | 2 | 0 | 3000 | १०९,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROBOU AL-SUMAN FUEL EST

पुर्व स्वीकृति मिति २०८०/१०/०३ | LT. No. 298052 | चलानी नं. ६०२१३१५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : STARS INSULATIONS ESTABLISHMENT FOR BUILDING MATERIALS

पुर्व स्वीकृति मिति २०८०/१०/०३ | LT. No. 298053 | चलानी नं. ६०२१३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pick Up Truck Driver | 1 | 0 | 1800 | ६३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## कतारमा रोजगारीको सुवर्ण अवसर

कम्पनी : SPARKLE MAID SERVICES WLL

पुर्व स्वीकृति मिति : २०८०/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ | LT. No.293465 | चलानी नं. ६०२०८७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 1 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 1 | 1000 | ३६,५२० | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1400 | ५१,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# खै त रोजगारी ?

राजनीतिक दलका चुनावी वाचा पल्टाउने हो भने प्रत्येकको घोषणापत्रमा 'स्वदेशमै रोजगारी'लाई प्राथमिकतामा राखिएको छ । तर चुनावको एक वर्ष नबित्दै दलहरुको यो वाचा भुलिसकेका छन् । चुनावमा दलको पछि लागेर स्वर सुकाउँदै नारा घन्काउने युवाहरु पनि घोषणापत्र फालेर रोजगारी खोज्दै विदेशतिर लम्किने क्रम बढ्दो छ ।

पुस महिनाको तथ्याङ्कमात्र हेर्ने हो भने पुष्टि हुन्छ रोजगारीको हाहाकार नेपालमा कसरी बढेको छ भनेर । पुसमा मात्रै झण्डै ६६ हजार नेपाली रोजगारीका लागि विदेसिएका हुन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार पुस महिनामा ६५ हजार ८१३ जना नेपाली रोजगारी खोज्दै १०५ वटा मुलुकमा पुगेका हुन् । मंसिरमामात्रै ७१ हजार २७६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

देशमा आर्थिक सुधारको तथ्याङ्क पेश गर्ने सरकारका लागि यो आँकडा गतिलो झापट हो । कृषि प्रधान देशको गफ हाँक्ने नेताहरुले न त किसानलाई सिँचाईको व्यवस्था गरिदएको छ न त समयमै मलको । यतिमात्र हैन बजार प्रवर्द्धनका लागि पनि सरकार अनुदार देखिन्छ । कृषि क्षेत्रमा ऋण दिन उत्तिकै झन्झटिलो प्रक्रिया छ । यसका कारण युवाहरु विदेशिने क्रम बढेको हो । विभागले जारी गरेको डाटा औपचारिक रुपमा देश छाड्नेका सूची हो । अनौपचारिक रुपमा भिजिट भिसामा देश छाड्नेका सूची पनि लामै छ । जुन डाटा राज्यसँग छैन ।

रोजगारीको खोजीमा जानेको सूचीमा धेरैजसो तराई क्षेत्रका छन् । यो मिटर ब्याजको असर पनि हो । साहुबाट लिएको ऋणको मिटर ब्याज तिर्न बाध्य किसानका छोरछोरीले जसरी पनि कमाउन देश छाड्नुपर्ने अवस्था आएको छ । सरकार मिटर ब्याज प्रकरणमा पीडितहरुलाई थामथुम बनाएर मिटर ब्याजी पोसाउने कार्यमा लागिसकेको प्रमाणका रुपमा यसलाई लिन सकिन्छ ।

धनुषाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । त्यसपछि झापा, मोरङ, सिरहा, महोत्तरी, रुपन्देही, सुनसरी, चितवन, स्याङ्जा, सुर्खेत, सर्लाही, तनहुँ, दाङ, नवलपरासी पूर्वबाट रोजगारीका लागि देश छाड्नेको सूचीमा छन् । उनीहरुको पहिलो रोजाई युएई देदिएको छ । जहाँ १६ हजार ३८५ जना पुसमा पुगेका छन् । यसैगरी साउदीमा १४ हजार ७०३ र कतारमा १३ हजार १४ जना पुगेका छन् । खाडी मुलुकमा काम गर्न पठाएर नेताहरुले देश बर्बाद् पारे भनेर चुनाव जित्दै सत्तामा पुगेका नयाँ दलले पनि यो विषयमा कुनै सम्बोधन गरेका छैनन् । दलका नेताहरु आफ्नै आसेपासे र आफन्तलाई नियुक्ती गर्न व्यस्त छन् ।

## मननयोग्य

### विदुर नीति

जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो। त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो।

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास 'गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो। त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन्। यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन्। महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन्। विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ।

क्रमशः

# सूचना प्रविधिको माध्यमबाट समृद्धिको यात्रा



रेखा शर्मा
मन्त्री, सञ्चार तथा सूचना प्रविधि

> सूचना प्रविधिलाई सरकारले आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकताको रूपमा स्वीकार गरिसकेको छ । हामीले चालु आर्थिक वर्षकै नीति तथा कार्यक्रम र बजेटमा पनि 'आधुनिक जीवनको आधार-सूचना, प्रविधि र सञ्चार' नारा तय गरेका थियौं । सूचना प्रविधि आजको जीवनशैलीको एउटा पक्ष र आधुनिक जीवनको आधार त हो नै यो आधुनिक जीवनशैलीमात्र नभएर मुलुकको समृद्धिको महत्त्वपूर्ण आधार पनि हो ।

वर्तमान सरकार गठन भएको एक वर्ष पूरा भएको छ । सुशासन, सामाजिक न्याय र समृद्धिका लागि सरकारले दृढतापूर्वक कदम चालेको छ । यस अवधिमा नक्कली भुटानी शरणार्थी, ललिता निवास जग्गा प्रकरण, सुनको अवैध तस्करी, मिटरब्याजी तथा नागरिकतासम्बन्धी विषयलाई टुंगोमा पुऱ्याउन सरकारले सुखद् पहलकदमी सुरु गऱ्यो । जसले जे गरे पनि हुन्छ भन्ने भाष्यलाई चिर्दै कानुनको नजरमा सबै समान हुन् भन्ने मान्यता स्थापित भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था जनताको व्यवस्था हो र यसमा गल्ती गर्ने छुट कसैलाई छैन भन्ने प्रमाणित भएको छ । कोही सानो ठूला हुँदैनन् सबै कानुनको दायरामा आउँछन् भन्ने कुरा पनि पुष्टि भएको छ ।

हामी सरकारमा आउँदा स-साना सेवा लिन पनि जनताले धेरै दुःख पाएको अवस्था थियो । सेवा प्रवाहमा पनि ठूलो सुधार भएको छ । किसानले समयमा मल बीउ पाउन सकेका थिएनन् । मल बीउको अभावमा उत्पादन घटेर गएको थियो । यसपटक खेती गर्ने समयमा मल बीउको कुनै पनि अभाव भएन, फलस्वरूप यस वर्ष नेपालको इतिहासमै धेरै धान उत्पादन भएको भन्ने जानकारी आएको छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउन सकेका थिएनन् । यस वर्ष सरकारले शैक्षिक सत्र सुरु हुनु अगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याएको छ । 'नो अब्जेक्सन लेटर' तथा राहदानी लिनका लागि घण्टौं लाइन बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ । धेरै क्षेत्रमा व्यापक सुधार भएको छ । सेवा प्रवाहमा हुँदै आएको ढिलासुस्ती अन्त्य भएको नागरिकले पनि प्रत्यक्षरूपमा महसुस गर्न थालेका छन् ।

प्रधानमन्त्री स्वयंले सरकारको वर्षदिनको समीक्षा गर्ने क्रममा आफूले सोचेको जस्तो नभएको भनी धारणा व्यक्त गरिसक्नुभएको छ । यो धेरै ठूलो विषय हो, देशको कार्यकारीले आत्मसमीक्षा गर्दै आफूले सोचेजस्तो नभएको र अझै धेरै विषयमा सुधार गर्छु भनेर स्वीकारोक्ति गर्न सक्नु महानता हो । प्राप्त राजनीतिक उपलब्धिको रक्षा तथा संक्रमणकालीन न्यायलाई राष्ट्रिय सहमतिबाटै निष्कर्षमा पुऱ्याउने विषयमा सरकारले पहलकदमी लिइरहेको छ । संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्त्वपूर्ण कानुन निर्माणका चरणमा छन् । समग्रतामा सरकारले एक वर्षमा सम्पादन गरेका कार्यले जनतामा आशा जगाएको छ ।

### सुशासन र सेवा प्रवाहका क्षेत्रमा सञ्चार मन्त्रालय

मैले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हालेको २०८० माघ ३ गते एक वर्ष पूरा भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मूलतः सञ्चार र सूचना प्रविधिको विकासमा समर्पित मन्त्रालय हो । यसअन्तर्गत रहेका छ वटा क्षेत्र आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र मुद्रणले सञ्चार र सूचना प्रविधिको क्षेत्रमा काम गर्छन् । यी छ वटै क्षेत्रको क्षेत्रगत सुधारबाट नै समग्रमा मन्त्रालयको प्रगतिको सूचक मापन हुने छ । यो एक वर्षको बीचमा हामीले छ वटै क्षेत्रको क्षेत्रगत विकासमा आवश्यक ध्यान दिएकै छौं । सञ्चार र सूचना प्रविधि नवीन र गतिशील क्षेत्र भए पनि यसलाई निर्देशित गर्ने कानुन दशकौं पुराना रहेकाले कानुनी, नीतिगत र संरचनात्मक सुधारमार्फत यसको पुनर्संरचनाको काम थालिएको छ ।

एक वर्षको बीचमा केही नीति र नियमावली पारित भएर कार्यान्वयनमा आएका छन् भने अन्य आवश्यक कानुन, नीति र नियमावलीहरू नयाँ बन्ने र संशोधन हुने प्रक्रियामा अघि बढेका छन् । कानुनी र नीतिगत सुधारमार्फत नेपालको सञ्चार तथा सूचना प्रविधिको क्षेत्रलाई पुनर्संरचना गर्न सकिन्छ भन्ने मेरो दृढ विश्वास रहेको छ । यसका साथै मन्त्रालयले सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर अघि बढेको छ । सम्माननीय प्रधानमन्त्रीले अघि सार्नुभएको सुशासन, सामाजिक न्याय र समृद्धिको कार्यदिशा कार्यान्वयन गर्न भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिअन्तर्गत मन्त्रालय आफैंले पनि केही विषयको अध्ययन र छानविन गरेको छ ।

फ्रिक्वेन्सी लाइसेन्स ओगटेर राख्ने, राज्यलाई राजस्व नतिर्ने र काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न फ्रिक्वेन्सी नीति, २०६९ (संशोधन २०७३)लाई परिमार्जन गरी फ्रिक्वेन्सी नीति २०८० जारी गरिएको छ । यसबाट २०८१ साउन १ गतेदेखि प्रविधि तटस्थताको नीति लागू हुने छ । यसले अनुमतिपत्र लिई फ्रिक्वेन्सीवापत शून्य वा अत्यन्त कम राजस्व तिर्नुपर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने अपेक्षा रहेको छ । त्यस्तै अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली पनि संशोधन गरिएको छ । यसले सम्पत्तिको व्यवस्थापन गर्नुका साथै प्रयोग नभएको रेडियो फ्रिक्वेन्सी स्वतः फिर्ता हुने व्यवस्था गरिएको छ । कानुनी सुधारकै कुरा गर्दा सरकारी विज्ञापनको कारोबारमा चुहावट बढेको, विज्ञापनका लागि छुट्याइएको रकमको थोरै प्रतिशतमात्र सञ्चारमाध्यममा जाने गरेको, यसबाट सञ्चारमाध्यममा समस्या परेको र विज्ञापन बजारमा अपारदर्शिता बढ्दै गएको गुनासो सम्बोधन गर्न विज्ञापन (नियमन गर्ने) नियमावली, २०८० संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

सूचना प्रविधिलाई सरकारले आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकताको रूपमा स्वीकार गरिसकेको छ । हामीले चालु आर्थिक वर्षकै नीति तथा कार्यक्रम र बजेटमा पनि 'आधुनिक जीवनको आधार-सूचना, प्रविधि र सञ्चार' नारा तय गरेका थियौं । सूचना प्रविधि आजको जीवनशैलीको एउटा पक्ष र आधुनिक जीवनको आधार त हो नै यो आधुनिक जीवनशैलीमात्र नभएर मुलुकको समृद्धिको महत्त्वपूर्ण आधार पनि हो । यो नारालाई कार्यक्रममा रूपान्तरण गर्न नीति, कार्यक्रम तर्जुमा गर्नुका साथै सोको कार्यान्वयनका लागि कार्ययोजना बनाई काम गरिरहेका छौं । एक संस्थाको अध्ययनले सन् २०२२ मा १०६ वटा सूचना प्रविधि कम्पनी र केही फ्रिलान्सरसमेत करिब ६६ हजार जनाले डिजिटल प्लेटफर्मबाट आइटी सेवा निर्यात गरिरहेका झण्डै ६८ अर्ब रूपैयाँ बराबरको वैदेशिक मुद्रा आर्जन गरेको देखायो, यो तथ्यले सरकारलाई निकै उत्साहित बनाएको छ । गैरसरकारी क्षेत्रबाट भएको भए पनि यो अध्ययनले सिंगो मुलुकको ध्यानाकर्षण गराएको छ कि सूचना प्रविधि सेवाको निर्यातबाट मुलुकको समृद्धि सम्भव छ । हामीलाई अन्य वस्तु वा सेवा उत्पादन गर्ने उद्योगबाट विश्वबजारमा प्रतिस्पर्धा गर्न समय लाग्नसक्छ, तर सूचना प्रविधिको उद्योगबाट हामी तुलनात्मक लाभ लिई विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्छौं ।

सूचना प्रविधि क्षेत्रको विकासमा हामी योजनाबद्ध पहल अघि बढाउँदै छौं । 'डिजिटल नेपाल फ्रेमवर्क' २०७६ सालमा घोषणा भए पनि यसको कार्यान्वयनको अवस्था कमजोर छ । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न खोज्दै छौं । यसले अंगीकार गरेका डिजिटल फाउण्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, अर्थ र सहरी पूर्वाधारसमेत गरी आठ क्षेत्रलाई विकास गरेर यस क्षेत्रमा ठूलो सफलता हासिल गर्न सकिन्छ । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न खोज्दै छौं ।

सूचना प्रविधिको प्रयोग गरी आर्थिक उपार्जनसमेत गर्न सकिन्छ भनेर सचेत गराउने, युवा पुस्तालाई सक्षम बनाउने विषयलाई सँगसँगै अगाडि बढाउन डिजिटल साक्षरता कार्यक्रमसमेत अगाडि बढाइएको छ । यी सबै कार्यक्रम सम्पन्न हुँदा 'डिजिटल डिभाइड' कम भएर जाने छ । सेवा प्रवाहमा सूचना प्रविधिको अत्यन्त ठूलो महत्त्व रहेको छ । सूचना प्रविधिसम्बन्धी सबै काम गर्न दूरसञ्चार पूर्वाधार नभई सम्भव छैन । दूरसञ्चार पूर्वाधार विकासलाई समृद्धिको अनिवार्य शर्त मानेर मन्त्रालय अघि बढेको छ । उच्च गतिको इन्टरनेट सुविधा ७४ जिल्लामा विस्तार भएको छ । डोल्पा र मुगुमा चालु आर्थिक वर्षमै तथा आगामी वर्ष हुम्लामा पुऱ्याउने सरकारको लक्ष्य छ ।


### सूचना प्रविधिको माध्यमबाट मुलुकको समृद्धि

सूचना तथा सञ्चार मन्त्रलाय अहिलेको युग र पुस्ताको प्रतिनिधित्व गर्ने मन्त्रालय हो । सूचना, प्रविधि र आमसञ्चारले बढीभन्दा बढी सचेत व्यक्ति र युवा पुस्ताका बीचमा प्रभाव छाड्न सक्दो रहेछ । यस मन्त्रालयका आफ्नै खालको महत्त्वपूर्ण भूमिका छ । सूचना प्रविधि क्षेत्र मेरा लागि नौलो विषय थियो । एक वर्षको अनुभवले सूचना प्रविधि क्षेत्रमा 'डिपार्चर' नगर्ने हो भने मुलुकको समृद्धि छैन भन्नेमा प्रस्ट छु । सूचना प्रविधि क्षेत्रलाई समृद्धिको अभिन्न अंगका रूपमा विकास गर्न सही नीति, कार्यक्रम, बजेट व्यवस्थापन हुन जरुरी छ । यस क्षेत्रबाट नै मुलुकको समृद्धिको यात्रा बढाउन सकिन्छ ।

सूचना प्रविधि अत्यावश्यक हो र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सकिने विषय हो भनेर हामीले बुझेका छौं । यस क्षेत्रमा नयाँ कार्यक्रम ल्याउने सोचमा छौं । यस क्षेत्रको रूपान्तरण गर्न सक्दा नागरिकको जनजीवनमा पनि रूपान्तरण हुन्छ । रोजगारीको सिर्जना, वैदेशिक रोजगारीमा जानेलाई रोक्ने तथा विदेसिएका व्यक्तिलाई स्वदेश फर्काउन पनि यस क्षेत्रको विकासबाट सम्भव छ । यो एक वर्षको बीचमा अघि सारेका योजनालाई मूर्तरूप दिन र कार्यान्वयन गर्न मन्त्रालय तथा मातहतका सबै निकाय र विभागबाट उत्साहपूर्ण सहयोग प्राप्त गरेको छु । साथै आगामी दिनमा अझै उत्प्रेरित रही मन्त्रालयले लिएका लक्ष्य, उद्देश्य र रणनीति प्राप्तिमा सबैको साथ र सहयोग रहने विश्वास लिएको छु ।

*(सरकारकी प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्मासँग राससका आलेख प्रमुख कृष्ण अधिकारी र समाचारदाता अशोक घिमिरेले गरेको कुराकानीमा आधारित)*

# सनातन सभ्यतामा नारी



ऋकेश भण्डारी

> हामी माटोलाई आमा मान्छौं नेपाल आमा, धर्ती माता । हामी पानीलाई आमा भन्छौं गंगा माता, गण्डकी माता । हामी झारपातलाई माता भनेर सम्मान गर्छौं तुलसी माता । हामी प्राणीलाई माता भनेर सम्मान गर्छौं गौमाता । हामी ग्रन्थलाई माता भन्छौं गीता माता । हाम्रो पौरस्त्य समाज मातृसतात्मक छ ।

नारी शब्द तत्सम् अर्थात् संस्कृत शब्द हो । पाणिनीय व्याकरणमा 'नृ' धातुदेखि स्त्रीत्वविवक्षामा ङीन् प्रत्यय भएर नारी शब्दको व्युत्पन्न हुन्छ जसको अर्थ हुन्छ 'नरस्यैव वा धर्माचारो यस्याः' अर्थात् नरको जस्तै धर्म र आचरण भएकी स्त्री भन्ने हुन्छ । नर शब्दकै स्त्रीलिंगी रूप नारी भएकाले नर र नारीमा केही भेद देखिँदैन । प्राचीन हिन्दू संस्कृतिमा नारीको मर्यादा र महत्त्वको ज्ञान हुनु अत्यावश्यक छ । पौरश्त्य वाङ्मयमा नारीको स्थान महत्त्वपूर्ण रहेको छ । हामी हरेक वस्तु तथा प्राणीलाई मातृवत् मान्छौं । हामी माटोलाई आमा मान्छौं नेपाल आमा, धर्ती माता । हामी पानीलाई आमा भन्छौं गंगा माता, गण्डकी माता । हामी झारपातलाई माता भनेर सम्मान गर्छौं तुलसी माता । हामी प्राणीलाई माता भनेर सम्मान गर्छौं गौमाता । हामी ग्रन्थलाई माता भन्छौं गीता माता । हाम्रो पौरश्त्य समाज मातृसतात्मक छ ।

हामी संसारमा स्थित सबै वस्तुलाई भगवती देवीकै स्वरूप मान्दछौं ।

*भूतानि दुर्गा भुवनानि दुर्गा,*
*स्त्रियो नरश्चापि पशुश्च दुर्गा ।*
*यद्यद्धि दृश्यं खलु सैव दुर्गा,*
*दुर्गास्वरूपादपरं न किंचित् ॥*

अर्थात् यस संसारमा जति पदार्थ छन्, जति भुवन छन् जति पुलिंगी स्त्रीलिंगी पशु, पक्षी, कीट, पतंग छन् अथवा अन्य जे जति वस्तुहरू छन् ती सबै भगवती दुर्गाकै रूप हुन् । दुर्गा स्वरूपबाहेक अन्य केही छैन । यो सारा संसारको सृष्टि तथा संहार गर्ने सामर्थ्य पनि नारी शक्तिमै रहेको छ । हरेक कार्य सिद्ध गर्न देवताहरूले पनि आदि शक्तिकै आश्रय लिनुपर्ने भएकाले हाम्रा महान् ऋषिहरूले पनि जगज्जननी दुर्गाकै स्तुति गरेको पाइन्छ ।

हामी देवीदेवताको पूजा गर्दा सर्वप्रथम देवीलाई नै सम्झन्छौं । राधाकृष्ण भन्दै कृष्णभन्दा पहिला राधालाई सम्झन्छौं, गौरीशंकर भन्दै शंकरभन्दा पहिला गौरीलाई सम्झन्छौं, लक्ष्मीनारायण भन्दै नारायणभन्दा पहिला लक्ष्मीलाई सम्झन्छौं, सीताराम भन्दै रामभन्दा पहिला सीतालाई सम्झन्छौं त्यसैगरी आमाबुवा भन्दै बुवालाई भन्दा पहिला आमालाई । नीतिकारहरूले पञ्चमाता भनेर आमाहरूलाई यसरी पनि स्पष्ट पारेका छन्-

*राजपत्नी गुरोः पत्नी मित्रपत्नी तथैव च ।*
*पत्नीमाता स्वमाता च पञ्चैता मातरः स्मृताः ॥*

अर्थात् गुरुकी पत्नी (गुरु आमा), राजाकी पत्नी (रानी), मित्रकी पत्नी, श्रीमतीकी आमा (सासू) र आफ्नी आमा । ब्रह्मवैवर्त पुराणमा त १६ प्रकारका माताका विषयमा चर्चा गरेको पाइन्छ । यसैगरी पिताभन्दा हजार गुणा बढी महत्त्व आमाको हुन्छ भन्ने कुरा शास्त्रहरूमा प्रशस्त पाइन्छ-

*उपाध्यायान् दशाचार्य आचार्याणां शतं पिता ।*
*सहस्रं तु पितृन् माता गौरवेणातिरिच्यते ॥*

अर्थात् १० जना उपाध्यायभन्दा बढी एकजना आचार्य, १०० जना आचार्यभन्दा बढी एउटा बुबा र हजार बुबाभन्दा बढी एउटी आमा महत्त्वपूर्ण हुन्छिन् । आमाको काम सन्तानलाई जन्म दिनेमात्र नभएर त्यसपछिको कर्मको मर्मअनुरूपको धर्म तथा शिक्षा सिकाउनु पनि हो ।

*यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।*
*यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्र फलाः क्रियाः ॥*

अर्थात् जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवताहरू रमाउँछन् भने जहाँ नारीलाई हेला गरिन्छ त्यहाँ गरेका हरेका कर्महरू निष्फल हुन्छन् भन्दै नारीलाई सम्मान गर्दछौं र समाजलाई पनि यही कुराको बोध गराउँछौं । हामी मातृवत् परदारेषु भनेर सम्पूर्ण परस्त्रीहरूलाई आमा समान हेर्दछौं । हामी जीवित देवीको रूपमा कुमारीलाई पूज्दछौं । हामी हरेक शुभ कर्महरू पञ्चकन्यालाई पूजा गरेर यथोचित दक्षिणा दिएर मात्र सुरु गर्दछौं । यात्राका क्रममा हामी कन्यालाई अगाडि लगाएर हिडाउँछौं जसले गर्दा यात्रा शुभ रहन्छ भन्ने विश्वास गर्दछौं । हामी गाईलाई स्त्रीलाई र ब्राह्मणलाई कहिल्यै लत्याउँदैनौं । हाम्रा पूर्खा ऋषि महर्षिहरूले हामीलाई दिइएको शिक्षा पनि यही हो ।

देवीलाई हामी शक्तिको स्वरूप मान्दछौं । सनातन हिन्दू परिवारको महान् चाड विजया दशमीमा नवरात्रभरि हामी भगवती देवीकै उपासना गर्दछौं र दशमीका दिन प्रसादस्वरूप टीका जमरा लगाउने क्रममा पुरुषहरूलाई आयुर्द्रोणसुते इत्यादि मन्त्रहरूले हाम्रा इतिहासमा कहिएका महान् पुरुषहरूको जस्तो सामर्थ्य मिलोस् भनेर आशीर्वाद दिन्छौं भने नारीहरूलाई

*जयन्ती मंगला काली भद्रकाली कपालिनी ।*
*दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥*

आदि मन्त्रहरूले तिमी साक्षात् देवीकै स्वरूप हौ भनेर देवीकै स्वरूप मानी पूजा गर्दछौं ।

हाम्रा प्राचीन इतिहास पढ्दा नारीहरूको स्थान पुरुषको भन्दा कमी रहेको देखिँदैन । त्यस समयका नारीहरू महान् विदुषी, ज्ञानी तथा तपस्वी हुन्थे । मदालसा जस्ती महान् आमा हाम्रै हुन् जसले आफ्ना बच्चालाई सुताउने क्रममा लोरीको रूपमा ब्रह्मज्ञान सुनाउँथिन् र आफ्ना तीन सन्तानलाई परमज्ञानी, तपस्वी तथा सन्यासी बनाउन सफल भएको मा महान् ठान्थिन् । महान् विदुषी ब्रह्मवादिनी गार्गी हाम्रै हुन् जसले राजा जनकको ब्रह्मसभामा ऋषि याज्ञवल्क्यसँग शास्त्रार्थ गरेर त्यस सभाका विद्वान्हरूलाई आश्चर्य बनाएकी थिइन् । महान् राजकुमारी द्रौपदी हाम्रै हुन् जसले महाभारतका समयमा पाँच पतिका साथ १२ वर्षे वनवास र एक वर्षे गुप्तवासका साथै अन्य असहच चुनौतीहरूलाई धीरताका साथ सामना गर्दै वसन्तकालीन समयको प्रतीक्षामा थिइन् । महान् आदर्शकी पात्र तथा पतिबद्ध नारी सीताले हाम्रो समाजलाई दिएको आदर्शको शिक्षा कहिल्यै भुल्न नसकिने छ । यस्तै नारीका विषयमा महान् साहित्यकार मुकुन्दशरण उपाध्यायले आफ्नो 'धर्ती र आकाश' खण्डकाव्यमा नारी स्वरूपको यसरी चर्चा गरेका छन्-

*दुर्गा उसको स्वरूप पहिलो दैत्यको दर्प भाँची*
*सीता अर्को स्वरूप उसले अग्नि कुल्चेर हाँसी*
*गार्गी उसकै स्वरूप जसले ज्ञान गंगा बगायो*
*नारीलाई नभन अबला ऊ त वीरांगना हो ॥*

यसरी हेर्दा हाम्रो सनातन सभ्यतामा नारीको स्थान गरिमामय रहेको पाइन्छ । हामी नारीलाई देवताको स्थानमा राख्छौं, देवता बनाएर पूज्छौं । यही नै हाम्रो पहिचान संस्कृति र सभ्यता पनि हो ।

# बारपाक सुलिकोटका बालबालिकामा रक्तअल्पता



**गोरखा–** गोरखाको बारपाक सुलिकोट गाउँपालिकाभित्रका बालबालिकामा रक्तअल्पताको समस्या देखिएको छ । गाउँपालिकाले सञ्चालन गरेको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमअन्तर्गत पालिकाभित्र अध्ययनरत १० वर्षभन्दा माथि १२ कक्षासम्मका बालबालिकामा 'हेमोग्लोबिन' परीक्षण गर्दा धेरै बालबालिकामा रक्तअल्पताको समस्या देखिएको गाउँपालिकाका स्वास्थ्य शाखा अधिकृत कृष्ण भट्टले जानकारी दिए ।

रक्तअल्पता देखिएकामध्ये केही बालबालिकामा कडाखालको रक्तअल्पता देखिएको उनले बताए । 'रगत जाँच गरिएकामध्ये करिब २८.४८ प्रतिशतभन्दा बढी बालबालिकामा रक्तअल्पता देखिएको छ,' उनले भने, 'परीक्षण गरिएका १४ जना बालिका र दुईजना बालकमा कडा खालको रक्तअल्पता देखिएको छ । शरीरमा आवश्यक पर्ने प्रोटिन, भिटामिन र खनिजको मात्रा कम हुँदा रगतमा हेमोग्लोबिनको मात्रा हुन्छ ।' उनका अनुसार जाँच गरिएकामध्ये ५२५ बालबालिकामा हेमोग्लोबिनको मात्रा १० देखि १२ जि/डिएल रहेको पाइएको छ भने १८ जनामा हेमोग्लोबिनको मात्रा नौ जि/डिएलभन्दा कम रहेको पाइएको छ । हेमोग्लोबिनको मात्रा पुरुषमा १३.५ जि/डिएल र महिलामा १२ जि/डिएलभन्दा कम भएमा त्यसलाई रक्तअल्पता भएको मानिन्छ ।

हेमोग्लोबिनको मात्रा नौ जि/डिएलभन्दा कम भएमा कडा खालको रक्तअल्पता भएको मानिन्छ । 'हेमोग्लोबिन कमीले शरीरमा रगतको मात्रा घट्ने र दैनिक कामकाज गर्नका लागि बाधा पुग्न सक्छ,' स्वास्थ्य शाखा अधिकृत भट्टले भने, 'हमोग्लाबिनको मात्रा कम हुँदा शरीरका विभिन्न भागमा अक्सिजनयुक्त रगत पुऱ्याउने क्षमतामा ह्रास आउने र शरीरलाई आवश्यक पर्ने अक्सिजनको कमी हुन गई श्वासप्रश्वासमा समस्या हुन सक्छ ।'

गाउँपालिका स्वास्थ्य शाखाले स्थानीयस्तरमा रहेका ल्याबसँग समन्वय गरी मंसिर २८ बाट पुस ४ गतेसम्म पालिकाभित्रका सबै विद्यालयका बालबालिकाको हेमोग्लोबिन र रक्त सञ्चार ग्रुपको परीक्षण गरेको थियो । पोषणयुक्त खानेकुराभन्दा बाहिरबाट आयात गरिएका जंकफुडको प्रयोगका कारण धेरैजसो बालबालिकामा हेमोग्लोबिनको मात्रामा कमी देखिएको हुनसक्ने स्वास्थ्य शाखा अधिकृत भट्ट बताउँछन् ।

'गाउँपालिकाभित्र पोषण सुधार कार्यक्रम सञ्चालन भए, तर पोषण सुधारका लागि उत्पादन गरिएका खाद्यवस्तु बेचेर चाउचाउ खाने बानीको विकास भयो, कोदोलाई तिरस्कार गर्ने, चामलको भात धेरै खाने संस्कार बसेको छ,' उनले भने, 'स्थानीय उत्पादनको प्रयोगभन्दा बाहिरबाट ल्याइएको जंकफुड प्रयोगले समस्या निम्त्याउँदै गएको छ ।' कार्यक्रमबाट प्राप्त रिपोर्टका आधारमा आगामी दिनमा कार्यक्रम बनाउन सकियो भने पालिकाभित्रको स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पर्ने उनी बताउँछन् ।

'यो कार्यक्रम गाउँपालिकाको एउटा सर्भे पनि हो,' उनले भने, 'सर्भे गर्दा धेरै बालबालिकामा रक्तअल्पता देखिनु बालबालिकामा पोषणको अवस्था कमजोर भन्ने पत्ता लगाउनु हो, अहिले प्राप्त भएको तथ्यांकले आगामी दिनमा योजना बनाएर समस्या समाधान गर्न सजिलो हुन्छ ।' हेमोग्लोविनको मात्रा सुधारका लागि मुख्यरूपमा मानिस व्यक्तिगत खानपानमा सुधार गर्नुपर्ने स्वास्थ्य अधिकृत भट्टले बताए ।

कोहीकसैमा परजीवी जुकाका कारणले पनि रक्तअल्पता हुनसक्ने उनको भनाइ छ । गाउँपालिकाले हरेक वर्षको मंसिर र जेठमा छ-छ महिनाको फरकमा बालबालिकालाई नियमितरूपमा जुकाको औषधि खुवाउने गरेको छ । 'विकासका कुरा जति गरे पनि हाम्रा बालबालिका स्वस्थ्य भएनन् भने हामी सफल हुन सक्दैनौं,' उनले भने, 'बालबालिका भनेका भोलिका कर्णधार हुन्, हामीले बालबालिकाको वृत्तिविकासमा ध्यान दिनैपर्छ ।'

पालिकाभित्रका बालबालिकामा रक्तअल्पताको समस्या धेरै देखिएपछि स्वास्थ्य शाखाले अबदेखि किशोरीका लागि सञ्चालन गर्दै आएको आइरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रममा स्वास्थ्यकर्मी नै परिचालन गर्ने जनाएको छ । *रासस*

## जाजरकोट भूकम्पपीडितलाई हुम्लाको सहयोग

**सिमकोट (प्रस)**– जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई हुम्लाको सिमकोट गाउँपालिकाले एक-एक लाख रूपैयाँ प्रदान गरेको छ । भूकम्पमा ज्यान गुमाएका र पीडित परिवारलाई आर्थिक सहयोगस्वरूप सिमकोट गाउँपालिकाले बिहीबार जिल्ला प्रशासन कार्यालय हुम्लामार्फत उक्त रकमको चेक हस्तान्तरण गरेको हो ।

प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेललाई एक-एक लाख रूपैयाँको चेक सिमकोट गाउँपालिका अध्यक्ष विजय भण्डारी, प्रमुख प्रशासकीय अधिकृत सुवास आले, गाउँपालिका लेखा प्रमुख विशाल बोहराले संयुक्तरूपमा हस्तान्तरण गरेका हुन् । विपद्का बेला सहयोग गर्नु मानवीय धर्म भएको र थोरै भए पनि पीडितलाई सहयोग गरिएको गाउँपालिका अध्यक्ष भण्डारीले बताए ।

### खाँडाचक्र नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मान्म, कालिकोट
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

प्रकाशित मिति :- २०८०/१०/०५

प्रस्तुत विषयमा यस आ.व २०८०/०८१ मा बोलपत्र आव्हान सम्बन्धी सूचना मिति २०८०/०८/१९ गते राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तल उल्लेखित ठेक्काका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मुल्याकिंत र सारभूतरुपमा प्रभावग्राहि भै स्वीकृतको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृती गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरुको नाम | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|
| KM/KKT/ SHRARCP/ NCB/W/01/2080/081 | Saldanda-Hirachaur RCC Agriculture Road Construction Project Khandachakra Municipality-04, Kalikot | श्री डाँडा निर्माण सेवा खाँडाचक्र नगरपालिका १, कालिकोट । | ८४३२२०२/८० |
| KM/KKT/PTBRCP/ NCB/W/02/2080/081 | Pili Bazar -Talsera- Batuli Road Construction Project Khandachakra Municipality-07, Kalikot | श्री डाँडा निर्माण सेवा खाँडाचक्र नगरपालिका १, कालिकोट । | ७६६७२०८/२५ |

नि.प्रमुख प्रशासकीय अधिकृत

### कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
नवलपरासी, बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश, नेपाल
२०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति २०८०/१०/०५

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 10/KM/NCB /2080/81 | Wada no 8 deri chowk dekhi sital chowk samma ko bato staronnati | बर्षा निर्माण सेवा कपिलवस्तु | १०,२९,६८२.७४ | |
| 11/KM/NCB /2080/81 | Islam chowk dekhi janakalyan aa. bi. samma bato staronnati | तिन कन्या निर्माण सेवा | २४,१२,५७२.९५ | |

प्रमुख प्रशासकीय अधिकृत
कावासोती नगरपालिका

## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAIF CLEANING & HOSPITALITY CO.
पुर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 291434 चलानी नं. ६०२१३१६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 1 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 0 | 1 | 1000 | ३६,५२० | | | | | | | |

कम्पनी : AZAQ INDUSTRIAL FACTORY
पुर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. 298126 चलानी नं. ६०२१३१६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dates production Machine Operator | 1 | 0 | 1500 | ५३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JODIA BREAD AND SWEETS COMPANY
पुर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. 298146 चलानी नं. ६०२१३१८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AQEELAH BINT MAJNAN BIN QADQAD AL-ASHJAL FOR CEMENT PRODUCTS FACTORY
पुर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. 298145 चलानी नं. ६०२१३१७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : APOLLO RUBBER SDN BHD
पुर्व स्वीकृति मिति:२०७९/०७/१७ पुन विज्ञापन स्वीकृति मिति:२०८०/१०/०४ चलानी नं.६०१९०४४८ LT. No.274780

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4589384,
Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES
पुर्व स्वीकृति मिति २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 278288 चलानी नं. ६०१९३७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पुर्व स्वीकृति मिति २०७९/०७/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 274949 चलानी नं. ६०१९१०९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पुर्व स्वीकृति मिति २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 271028 चलानी नं. ६०१८६८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

# प्रभाव दैनिक


## रूपशाला

### 'फर्की फर्की'को छायांकन रोकियो

फिल्म 'फर्की फर्की'को बिहीबारको छायांकन रोकिएको छ । अभिनेता अनमोल केसी बिरामी परेको कारण फिल्मको आजको छायांकन रोकिएको हो । फिल्ममा निर्माता रोहित अधिकारीले फिल्मको आजको छायांकन रोकिएको जानकारी दिए । 'खासै ठुलो केही भएको छैन । अभिनेता अनमोलले आज एक दिन पनि थप रेष्ट मागेकोले सुटिङ रोकिएको हो', निर्माता अधिकारीले भने । केही दिन अगाडि लगातार तीन दिन फिल्मको सुटिङ भएकोले अनमोलले बुधबार रेष्ट मागेको थिए ।' तर बिहीबार फिल्मको सुटिङ राखिएको थियो । अनमोलले आफूलाई सन्चो नभएको भन्दै थप एक दिन रेष्ट मागेकाले सुटिङ रोकिएको हो ।




शुक्रबार ५, माघ २०८० (Friday, January 19, 2024)


# नेपालमा विदेशी चलचित्रको छायांकन



■ प्रभाव संवाददाता

**काठमाडौं–** कोदारी (अरनिको) राजमार्ग र बाह्रबिसे आसपासको दृश्य झैँ देखिने स्थानको निर्माण (सेट लगाएर) हलिउड चलचित्र 'आइस रोड-२' को छायाङ्कन अष्ट्रेलियाको भिक्टोरियास्थित वालहल्ला भन्ने ठाउँमा भइरहेको छ ।

उक्त स्थानको श्रव्यदृश्य सार्वजनिक भएसँगै नेपालको झल्को दिएको प्रतिक्रिया सामाजिक सञ्जालमा छन् । त्योभन्दा बढी उक्त चलचित्रका निर्माता, निर्देशकले ठाउँ नै निर्माण गर्न गरिने खर्चको सट्टा नेपाल आएर छायाङ्कन किन गरेनन् ? भन्ने छ । त्यहाँभन्दा नेपालमा वास्तविक दृश्य प्राप्त हुनुका साथै खर्च पनि कम हुन्छ । यसको जवाफ सम्बन्धित निकायसँग पनि छैन ।

रोजगारी सिर्जना गर्ने र आर्थिक गतिविधिलाई बढावा दिने भएकाले विश्वका अन्य देशले छायाङ्कनलाई आकर्षित गरिरहेको प्रोडक्सन म्यानेजर अरुण रेग्मीले बताए । उनले नेपालमा 'उचाई', 'फर्जी' जस्ता चलचित्र र वेब शृफ्लामा काम गरिसकेका छन् ।

'उहाँहरूलाई चाहिने सहजता दिन हामीलाई सहज छैन । उहाँहरूको कथाअनुसार देखाइनुपर्ने दृश्य र खिचिने सामग्रीका लागि कतिपय कानुनी झन्झट पनि छन्', म्यानेजर रेग्मीले भने । उनले एकद्वार प्रणालीमार्फत विदेशी चलचित्रलाई दिइनुपर्ने इजाजत दिएमा विस्तारै विदेशी चलचित्र नेपालमा छायाङ्कनका लागि आउने बताउ ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले देखिएका समस्या चलचित्र नीति बनेपछि समाधान हुने बताए । 'विविध समस्या छन्, तर नीति म अभिनेता बन्नुभन्दा अगाडिको छ । त्यसैले अहिले देखिएका समस्या समाधान गर्दैन । त्यसैले चलचित्र नीति चाँडै बन्नेछ', बोर्ड अध्यक्ष केसीले भने ।

सन् १९७२ मा भारतीय अभिनेता देवानन्द र जिनत अमामको चलचित्र 'हरे रामा हरे कृष्णा'को छायाङ्कन काठमाडौँमा गरिएको थियो । त्यसयता 'महान', 'युद्ध', 'खुदा गवा', 'बेकाबू', 'घरवाली बाहारवाली', 'लव इन नेपाल', 'बेबी', 'दिल धड्क धड्क', 'द गोल्डेन चाइल्ड', 'बाराका', 'लिटल बुद्ध', 'सेभेन इयर्स इन तिब्बत', 'द फल', 'रिर्टन्ड : चाइल्ड सोल्जर्स अफ नेपाल्स माओइस्ट आर्मी', 'द वाइल्डेस्ट ड्रिम', 'बियोन्ड द एज', 'एभरेस्ट' लगायतका चलचित्र छायाङ्कन गरिएको छ ।

# 'दयारानी'को टिजरमा दयाहाङ र दिया निःसन्तान हुँदाको पीडा



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता माओत्से गुरुङको निर्देशनमा डेब्यु फिल्म हो 'दयारानी' । फिल्म २६ गते शुक्रवारबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले फिल्मको टिजर ल्याएको छ ।

एक मिनेट लामो टिजरमा निःसन्तान दम्पतीको कथा भनिएको छ । श्रीमान्–श्रीमतीको भूमिकामा रहेका दयाहाङ राई र दिया पुनबिच सन्तान नहुँदा उत्पन्न परिस्थितिलाई टिजरले देखाएको छ । टिजरमा सन्तानका लागि दियाले दयाहाङलाई दोस्रो बिहे गर्न दबाब दिएको देख्न सकिन्छ ।

टिजरमा दयाहाङले साली (प्रमिसा गुरुङ) लाई जिस्काएको दृश्य समावेश छ । टिजरको अन्तिममा प्रमिशाले 'भिनाजुले कान्छी बनाउने रे' भन्ने संवाद सुनिन्छ । दयाहाङ र दियाले 'वीर विक्रम' र 'मिस्टर झोले' पछि तेस्रोपटक सहकार्य गरेका हुन् । फिल्ममा विजय बराल, पुष्कर गुरुङ, नयन गुरुङ, टिकाराम घले, शिरिषा कुँवर, सूर्य सुनार, राजेन्द्र थापा, सीतादेवी गुरुङ, कृष्टी गुरुङ लगायतको अभिनय छ । 'कबी' निर्माण कम्पनी बाँसुरी फिल्मस् तथा माओत्से फिल्मसको ब्यानरमा निर्माण भएको फिल्मलाई शैलेन्द्रध्वज कार्कीले खिचेका हुन् । मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु र न्यु आइटी भेन्चरको निर्माणमा सहकार्य रहेको 'दयारानी' का कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REOUF EST FOR REPAIRING GOLD AND SILVER JEWELRY

पूर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298243 | चलानी नं. ६०२१३१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | JEWELER | 1 | 0 | 150 | ६४,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : M AND I FOR HOME DELIVERYFOR CONUMER GOODS CO.

पूर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298203 | चलानी नं. ६०२१३१४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 10 | 0 | 135 | ५८,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**Fewa HR Solutions Pvt. Ltd.**

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः Emaar Trading and Contracting Company

पूर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298237 | चलानी नं. ६०२१३१७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LATH OPERATOR | 1 | 0 | 2500 | ८८,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


## रंगशाला

### टाइगर कप भलिबल

# एपिएफ र न्यू डायमण्ड फाइनलमा

■ प्रभाव संवाददाता

**कास्की–** सशस्त्र प्रहरीको एपिएफ र चन्द्रागिरि न्यू डायमण्ड पोखरामा जारी चौथो संस्करणको 'टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित महिला तथा पुरुष खुला भलिबल' प्रतियोगिताको महिलातर्फ फाइनलमा प्रवेश गरेका छन् ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा आज सम्पन्न सेमिफाइनलको खेलमा साविक विजेता एपिएफले अर्को विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ३-२ को सेटमा पराजित गरी उपाधि नजिक पुगेको हो । एपिएफले हालसम्म दुई पटक उपाधि हासिल गरिसकेको छ । एपिएफले पहिलो दुई सेट १९-२५ र २०-२५ ले नेपाल आर्मीलाई सुम्पिए पनि पछिल्ला तीन सेट लगातार आफ्नो पक्षमा पार्न सफल भयो । एपिएफले २५-१३, २५-१६ र १५-१३ ले नतिजा आफ्नो पक्षमा पार्दै फाइनलको यात्रा तय गर्न सफल भयो ।

यसैगरी दोस्रो सेमिफाइलनलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई सोझो ३-० को सेटमा पराजित गर्दै न्यू डायमण्डले फाइनलमा स्थान बनाउन सफल भयो । न्यू डायमण्डले २५-१९, २५-१८ र २५-१८ ले नतिजा आफ्नो पक्षमा पार्दै एपिएफसँगको उपाधि भिडन्त पक्का गरेको हो । यसैगरी पुरुषतर्फ साविक विजेता घरेलु टोली गण्डकी प्रदेश सेमिफाइनलमा प्रवेश गर्न सफल भयो । लिगको आफ्नो अन्तिम खेलमा गण्डकी प्रदेश विभागीय टोली त्रिभुवन आर्मी क्लबसँग ३-२ सेटले पराजित भए पनि सेमिफाइलन पुग्न सफल भयो ।

गत माघ १ गते खराब प्रकाशका कारण रोकिएको उद्घाटन खेल सञ्चालन भएको हो । खेलमा पहिलो सेट २५-२० ले आर्मीले जितेको थियो । दोस्रो र तेस्रो सेट गण्डकीले २०-२५ र १७-२५ ले आफ्नो पक्षमा पार्न सफल भयो । चौथो र पाँचौ सेट २५-२१ र १५-६ ले आर्मीले जितेपनि प्रतियोगिताबाट बाहिरियो ।

गण्डकीले सेमिफाइनलमा समूह बीको विजेता सशस्त्र प्रहरीको एपिएफ क्लबको सामना गर्नेछ । लिगमा हेल्प नेपाल स्पोर्टस क्लबलाई गण्डकीले ३-२ को सेटमा हराएको थियो । हेल्प नेपालले आर्मीलाई सोझो सेटमा हराएको थियो । समूह बीबाट एपिएफ विजेता र श्रीलङ्का आर्मी टिम उपविजेता हुँदै सेमिफाइनल प्रवेश गरिसकेको छ । शुक्रबार पुरुषतर्फ सेमिफाइलनका खेल हुनेछन् ।

पुरुषतर्फ हेल्प नेपाल र श्रीलङ्का आर्मी तथा दोस्रो खेल एपिएफ र गण्डकीकाबीच हुनेछ प्रतियोगिता संयोजक दीपक कार्कीले जानकारी दिए । महिलातर्फ तृतीय स्थानका लागि त्रिभुवन आर्मी क्लबले अर्को विभागीय टोली नेपाल पुलिसको सामना गर्नेछ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा यही माघ १ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल माघ ६ गते हुनेछ । प्रतियोगितामा महिला तथा पुरुषतर्फ उपाधि विजेता टोलीले नगद रु पाँच लाख ५५ हजार पाँच सय ५५ र उपविजेता टिमले समान नगद रु दुई लाख ५५ हजार पाँच सय ५५ पुरस्कार प्राप्त गर्ने टाइगर ग्रूपका अध्यक्ष नारायण शर्माले जानकारी दिए ।

यसैगरी तृतीय हुने टोलीले रु एक लाख २५ हजार पाँच सय ५५ प्राप्त गर्नेछन् । उत्कृष्ट महिला तथा पुरुष खेलाडीहरूले जनही नगद रु २५ हजारका दरले पुरस्कार प्राप्त गर्नेछन् ।

# यू–१९ महिला टिम घोषणा

**काठमाडौं (प्रस) –** अखिल नेपाल फुटबल संघ एन्फाले यू-१९ राष्ट्रिय महिला टिमको घोषणा गरेको छ ।

मुख्य प्रशिक्षक बालगोपाल शाहुखलले बंगलादेशमा हुने साफ च्याम्पियनसिप खेल्ने युवा महिला टिमको घोषणा गरेका हुन् । नेपालले आगामी आगामी फेब्रुअरी २ देखि ८ सम्म ढाकामा साफ च्याम्पियनसिप खेल्दैछ । नेपालले फेब्रुअरी २ मा बंगलादेशसँग खेल्दै प्रतियोगिताको सुरुवात गर्दैछ ।

**नेपाली टिम**

**गोलकिपर** : सुजता तामाङ, करुण बुढाथोकी, लिला जोशी

**डिफेन्डर** : दिब्या मगर, सिता रोकाया, रोजिता विष्ट, सरिता नाथ, गंगा रोकाया, सिम्रन राई, माया मास्के

**मिडफिल्डर** : बिर्सना चौधरी, झुमा विश्वकर्मा, सारा बज्राचार्य, सुशिला केसी, भावना परियार, पुनम चेम्जोङ

**फरवार्ड** : सिनु परियार, सुक्रिया मिया, वर्षा वली, लिला चन्द, पुर्णिमा राई, समिक्षा मगर, सजिना स्याङतान

# किन्टर ओलम्पिक हुँदै




**काठमाडौं (प्रस)–** ११ औं संस्करणको किन्डर ओलम्पिक माघ ६ र १३ गते दशरथ रंगशालामा हुने भएको छ । अर्लि चाइल्डहुड एजुकेशन टिचर्स एसोसियसन एकताको आयोजनामा हरेक वर्ष आयोजना हुँदै आएको प्रतियोगितामा यसपटक काठमाडौं उपत्यका भित्रका ३६ विद्यालयले सहभागिता जनाउने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिईयो ।

दशरथ रंगशालामा हुने कार्यक्रममा ३ देखि ६ वर्ष उमेर भित्रका १७ सय विद्यार्थीले विभिन्न खेलकुद इभेन्ट्समा भाग लिने प्रतियोगिताका संयोजक केदारमान स्थापितले बताए । जसमा एथलेटिक्स लगायत जुडो, कराते, उसु, तेक्वान्दो खेल समावेश गरिएको छ । सानै उमेरबाट नै विद्यार्थीहरूलाई खेलकुद क्षेत्रमा संलग्न गराउने उद्देश्यले आयोजित प्रतियोगिताको नारा जित भन्दा सहभागिता महत्वपूर्ण राखिएको छ ।

एकताका अध्यक्ष विना शर्माले भनिन्, 'किन्डर ओलम्पिकमा सहभागिता ठूलो हो। साना नानीहरूलाई रंगशालासम्म दोहोऱ्याउनु हाम्रो उद्देश्य हो । हामीले सबै सहभागिलाई पदक दिन्छौं । ताकी जित भन्दा सहभागिता मुख्य हो भन्ने सबैले महशुश गरुन् ।' सहभागी खेलाडीलाई नेपाल ओलम्पिक कमिटीको प्रमाणपत्र वितरण गरिने बताइएको छ ।


## पटेर्वा सुगौली गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल

## क्याटलग सपिङ्ग विधिबाट सवारी साधन (एमबुलेन्स) खरिद सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०५**

यस पटेर्वा सुगौली गाँउपालिका चालु आ.व. २०८०/०८१ को कार्यक्रम अनुसार विरामीहरुलाई एम्बुलेन्स सेवा उपलब्ध गराउन १ (एक) थान एम्बुलेन्स आवश्यक भएकोले आवश्यक सवारी साधन (एम्बुलेन्स) उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत र आधिकारिक विक्रेताले कम्पनी र फर्म दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र, लेटर अफ अथोराइजेशन र आ.ब. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र लगायतका कागजातहरुको प्रतिलिपिहरु समावेश गरी सावजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख अनुसार सवारी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तरको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा कार्यालय समयभित्र मौजुदा सूचिमा सूचिकृत हुन, सिलबन्दी निवेदन सहित कागजात पेश गर्नुहुन उत्पादक तथा आधिकारिक विक्रेताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | PSRMUN/ VEHICLE/ 2080-081/01 | 4WD Ambulance | • Hard Top Ambulance, 4 Wheel Drive<br>• Gross vehicle weight of the vehicle not less than 2300kgs<br>• 4-stroke, water cooled diesel Engine, developing Maximum rated power output not less than 45kw at governed RPM and maximum Torque not less than 110 NM at governed RPM<br>• Minimum Ground Clearance 160 mm<br>• The ambulance must contain all basic life support equipment (Type B Ambulance) as prescribed by ambulance service guideline 2078 (Health Ministry of Nepal) | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ, स्वीकृत Technical Specification यस कार्यालयको Website मा राखिएको छ । |

प्रमुख प्रशासकीय अधिकृत

द्वन्द्वमा पाकिस्तान–इरान

# इरानस्थित 'आतंकवादी आश्रयस्थल'मा पाकिस्तानको हवाई आक्रमण



**इस्लामावाद-** तेहरानले पाकिस्तानी भूमिमा आक्रमण गरेको एक दिनपछि पाकिस्तानले इरानमा रहेका आतंकवादी आश्रयस्थलमा लक्षित हवाई आक्रमण गरेको बिहीबार जनाएको छ । इरानको दक्षिणपूर्वी क्षेत्रमा भएको विष्फोटमा परी तीन महिला र चार बालबालिकाको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

बिहीबार बिहान पाकिस्तानले इरानको सिस्टान-ओ-बलुचिस्तान प्रान्तमा आतंकवादी लुकेका स्थानहरूलाई लक्षित गरी शृंखलाबद्ध सैन्य आक्रमण गरेको पाकिस्तानी विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

इरानले पाकिस्तानमा मंगलबार राति 'आतंकवादी समूह' विरुद्ध आक्रमण गरेको पुष्टि गरेपछि उक्त आक्रमण भएको हो । पाकिस्तानको विदेश मन्त्रालयले भनेको छ, 'ठूलो परिमाणमा आतंकवादी गतिविधि हुन लागेको विश्वसनीय गुप्तचर सूचनाको आधारमा बिहीबार हवाई आक्रमण गरिएको छ ।'

सरवन सहर वरपरका विभिन्न क्षेत्रमा विष्फोटको आवाज सुनिएको इरानको सरकारी समाचार संस्था इरनाले एक प्रान्तीय अधिकारीलाई उद्धृत गरी जनाएको छ । पाकिस्तानको विदेश मन्त्रालयले बुधबार इरानबाट आफ्ना राजदूतलाई सोधपुछका लागि विदेश मन्त्रालयमा बोलाउनुअघि र तेहरानका राजदूतलाई देश फर्कनबाट रोक्नुअघि 'पाकिस्तानको सार्वभौमिकताको अकारण र खुल्लमखुल्ला उल्लंघन' को निन्दा गरेको थियो ।

तेहरानले इराक र सिरियामा पनि 'इरानी विरोधी आतंकवादी समूह' विरुद्ध आक्रमण गरेपछि इरान सरकारले पाकिस्तानमा जैश अल-अदल समूहलाई लक्षित गरी क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको जनाएको थियो । तेहरान र इस्लामावादले एकअर्कालाई उनीहरूको भूमिबाट आक्रमण गर्न अनुमति दिएको आरोप लगाउँदै आएका छन्, तर दुवैतर्फका आधिकारिक सेनाले आक्रमण गरेको विरलै पाइन्छ ।

इजरायलले गाजामा हमासविरुद्ध युद्ध लडिरहेको र यमनमा प्यालेस्टाइन समर्थक हुथी विद्रोहीहरूले 'रेड सी' मा कार्गो जहाजहरूमाथि आक्रमण गरेको समय इरानको आक्रमणले मध्यपूर्वमा थुप्रै संकटहरू थपेको छ । बुधबार इरानका रक्षामन्त्री मोहम्मद रेजा अष्टियानीले तेहरानले आफ्नो सुरक्षाको कुनै सीमा नतोक्ने बताएका थिए । यसैबीच, इरान र पाकिस्तानको निकट साझेदार चीनले संयमित हुन आग्रह गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता माओ निङले दुवैले 'तनाव बढाउने खालका गतिविधिबाट बच्नुपर्ने' बताएका छन् ।

यसैबीच संयुक्त राज्य अमेरिकाले पाकिस्तान, इराक र सिरियामा इरानले गरेको आक्रमणको निन्दा गरेको छ भने विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले तेहरानले पछिल्ला केही दिनमा आफ्ना तीन छिमेकीको सार्वभौम सीमा उल्लंघन गरेको बताएका छन् । पाकिस्तानको आधिकारिक वक्तव्यमा बिहीबारको आक्रमण कहाँ भएको थियो भन्नेबारे केही बताइएको छैन तर पाकिस्तानी सञ्चारमाध्यमका अनुसार यो आक्रमण दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको पन्जगुर नजिकै भएको थियो । आक्रमण हुनुभन्दा केही घण्टाअघि पाकिस्तानका कार्यवाहक प्रधानमन्त्री अनवर-उल-हक काकरले इरानी विदेशमन्त्रीसँग भेट गरेका थिए ।

'पाकिस्तानको सार्वभौमिकताको यो उल्लंघन पूर्णतया अस्वीकार्य छ र यसको गम्भीर परिणाम हुन सक्छ,' पाकिस्तानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । आक्रमणमा दुई निर्दोष बालबालिकाको मृत्यु भएको र तीन बालिका घाइते भएको बताइएको छ । *रासस/एएफपी*


## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAYES LAUNDRY WLL

पुर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. :297988 चलानी नं. ६०२१३१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 12 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 2200 | ८०,३०५ | | | | | | | |
| 3 | Washing Worker | 0 | 1 | 1000 | ३६,५२० | | | | | | | |

कम्पनी : LUMBINI DREAM GARDEN GUEST HOUSE AND RESTAURANT LLC

पुर्व स्वीकृति मिति २०८०/१०/०२ LT. No. :297918 चलानी नं. ६०२१३०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Account Cashier | 0 | 2 | 1500 | ५४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef | 0 | 1 | 1300 | ४७,००५ | | | | | | | |
| 3 | Cook | 1 | 0 | 1500 | ५४,२४० | | | | | | | |
| 4 | Head Chef | 1 | 0 | 2000 | ७२,३१५ | | | | | | | |
| 5 | Manager | 0 | 1 | 1300 | ४७,००५ | | | | | | | |
| 6 | Waitress | 0 | 2 | 1300 | ४७,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

APPOLO OVERSEAS SERVICES (P) LTD.
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com



## कतारमा रोजगार TARGAT SWIMMING POOL, DOHA

पुन:विज्ञापन

पुर्व स्विकृति मिति: २०७८/११/१२ चलानी नं. ६०१७५०४९ LT No. 258457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 04 | काममा दक्ष | 1000 | 36524 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० माघ १२ गते (26 January 2024) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: 0

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RITE FURNITURE INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 275751 चलानी नं. ६०१९१७७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MUAR BAN LEE ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 283603 चलानी नं. ६०१९९०३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 24 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LIT SENG MOULDING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 284057 चलानी नं. ६०१९९४९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC BURGER RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१०/०३ LT. No. 298172 चलानी नं. ६०२१३१२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 135 | ५८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDSTONE KUALALUMPUR SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०४ LT. No. 274996 चलानी नं. ६०१९३५२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Staff | 62 | 0 | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Dhangadhi, Kailali

## Invitation of Bids

Date of publication: 19th Jan, 2024 (05 Magh, 2080)

Federal Water Supply and Sewerage Management Project Dhangadhi, Nepal invites electronic bids from Eligible and qualified bidders for the construction of below mentioned works in following Water Supply Projects under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification No. | Description of Works | Average Annual Turnover of best 3 years over last 10 years (Excluding VAT) NRs. | Work Experience of Similar Size and Nature (At least one contract, Excluding VAT), NRs. | Bid Security Amount, (NRs.) | Bid Document Fee, (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/2080/081/ WSP/FWSSMP/ Kailali | Construction of Gairagaun Kandamandau Silgahdi Water Supply Project, Doti | 36.30 million | 10.00 million | 0.70 million | 5,000.00 | |

- Bidding documents is available online and can be downloaded from e-GP system; www.bolpatra.gov.np/egp.
- Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Federal Water Supply and Sewerage Management Project, Dhangadhi, Kailali on or before 12:00 AM on 18th Feb, 2024.
- If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

Project Chief


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASPARA BAHRAIN TRADING WLL

पूर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. 297956 चलानी नं. ६०२१३१६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 3 | 120 | ४२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com
License No. : 832/066/67



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फयाक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११७५०० | प्रति तोला - ११६९५० | प्रति तोला - १३९० |



**भ्यूटावरमा आन्तरिक पर्यटक** | तनहुँको ऋषिङ गाउँपालिका- ३ स्थित दुवुङडाँडामा रहेको भ्यूटावरबाट दृश्यावलोकन गर्न जाँदै आन्तरिक पर्यटक । यस डाँडाबाट हिमालको मनोरम दृश्यसहित चितवन र नवलपरासीको दृश्य देखिन्छ । *तस्बिरः पूर्ण विके/रासस*

# छ महिनामा ५ अर्ब राजस्व असुल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको अर्धवार्षिक (छ महिना) अवधिमा रू चार अर्ब ९० करोड ५१ लाख ९० हजार राजस्व असुल गरेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू चार अर्ब ५६ करोड २९ लाख ५७ हजार राजस्व असुल गरेको थियो ।

अघिल्लो आव र चालु आवको सोही अवधिको तुलना गर्दा यसवर्ष रू ३५ करोडले बढी राजस्व असुल भएको कामपाको राजस्व विभागका प्रमुख धुव्र काफ्लेले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी बहाल करमा रू एक अर्ब ३५ करोड ६३ लाख ३० हजार राजस्व असुल भएको छ ।

त्यस्तै, सम्पत्ति करमा रू ६७ करोड १७ लाख २० हजार असुल गरेको हो । विभागका अनुसार पछिल्लो समय करदाताको सङ्ख्या बढेकाले गत वर्षको तुलनामा राजस्व बढेको हो । कामपाले चालु आवका लागि करिब रू १० अर्ब ४१ करोड ९५ लाख ४९ हजार राजस्व असुल गर्ने लक्ष्य लिएको छ । गत आवमा भने रू नौ अर्ब आठ करोड ७० लाख १३ हजारको लक्ष्य लिएको थियो ।

विगतका केही वर्ष कोरोना महामारीका कारण आशाअनुरूप कर असुल हुन नसकेपनि चालु आवमा लक्ष्यमा पुग्न समस्या नहुने कामपाको भनाइ छ । सम्पत्ति, घरबहाल, व्यवसाय, विज्ञापन, मनोरञ्जन, भूमि, मूल्य अभिवृद्धि र सवारीसाधन करसहित ३६ शीर्षकमा कामपाले राजस्व असुल गर्दै आएको प्रमुख काफ्लेले जानकारी दिए । चालु आवमा हालकै अवस्थामा राजस्व असुल भए लक्ष्यमा पुग्न कुनै समस्या नहुने उनको भनाइ थियो ।

यसवर्ष कामपाका लागि बाह्य अनुदान रकम कम भए पनि आन्तरिक राजस्व असुलमा खासै समस्या नभएको विभागले जनाएको छ । पछिल्लो समय कामपाले राजस्व सङ्कलनका लागि थप कडाइ गरेसँगै लामो समयदेखि उठ्न नसकेको बक्यौता रकम असुल उपर गर्न सहज भएको काफ्लेले बताए ।

# 'ऊर्जा उत्पादनबाटै व्यापार घाटा घटाउन सकिन्छ'

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले व्यापार घाटा घटाउने र मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउने प्रमुख साधन भनेकै जलविद्युत् भएकाले त्यसलाई सरकारले प्रमुख प्राथमिकतामा राखेको बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)को २४औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले सरकार र निजी क्षेत्रको सार्थक पहलबाट मात्रै मुलुकको ऊर्जा क्षेत्रले फड्को मार्नसक्ने बताए । देशभित्र बिजुलीको खपत बढाउनुपर्नेमा जोड दिँदै उनले बचेको बिजुली बेचे व्यापारघाटा कम गर्न सरकार लागेको बताए ।

ऊर्जा क्षेत्रमा लगानीका लागि सहज वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उपप्रधानमन्त्री श्रेष्ठले नेपाली जनताको आर्थिक समृद्धिको चाहना साकार पार्न वर्तमान सरकार क्रियाशील छ भने । उनले भने, 'आर्थिक समृद्धि, सामाजिक न्याय र सुशासन सरकारका प्रमुख प्राथमिकता हुन् ।'

आगामी वैशाखमा लगानी सम्मेलन आयोजना हुन लागेको जानकारी दिँदै मन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन कानुनी, संरचनागत सुधारका लागि सम्बन्धित निकायसँग छलफल गरेर निष्कर्षमा पुऱ्याइने बताए । भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सहमति भएको भए पनि आन्तरिक खपत वृद्धि गर्ने विषय नै प्रमुख प्राथमिकतामा रहेको उनले बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रमा निजी क्षेत्रको ६० प्रतिशत योगदान रहेको उल्लेख गर्दै सरकार र निजी क्षेत्रको साझेदारीमा मात्र समृद्ध नेपाल निर्माणको सङ्कल्प पूरा हुने बताए ।

निजी क्षेत्रले अगाडि सारेका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको र जायज विषयलाई सम्मान गर्दै अगाडि बढेको उनले स्पष्ट पारे । पछिल्लो एक दशकमा आठ सय मेगावाट क्षमताबाट तीन हजार मेगावाट बिजुली उत्पादन हुन थालेको तथा ९८ प्रतिशत घरमा विद्युत् सेवा पुगेको तथ्य पेस गरे । वर्षायाम र सुक्खायामका बीचमा ऊर्जा उत्पादनमा रहेको अन्तर पूरा गर्न नयाँ ढङ्गले सोच्नुपर्ने उनले बताए ।

मन्त्री बस्नेतले निर्माणाधीन आयोजनालाई शीघ्ररूपमा सम्पन्न गर्ने वातावरण बनाउनैपर्ने, जलाशयुक्त आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने र ऊर्जा मिश्रण अवधारणालाई सँगसँगै अगाडि बढाइने छ बताए । सरकारले ऊर्जा क्षेत्रलाई पूर्वाधारको रूपमा मात्रै नहेरेको बताउँदै उनले आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा ऊर्जा क्षेत्रलाइ स्वीकार गरिएकाले निश्चिन्त भएर लगानी गर्न निजी क्षेत्रलाई आग्रह गरे ।

मन्त्री बस्नेतले निजी क्षेत्रलाई आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्दै भने, 'उत्पादन अनुमतिपत्र लिइसकेपछि १० वर्षभन्दा बढी समय उल्लेख्यरूपमा काम किन हुन सकेन, म तपाईंहरूको ध्यानाकर्षण गराउँछु । म इपानको जिम्मेवारीपूर्ण पहलका लागि आग्रह गर्दछु ।' उनले विद्युत् खरिद सम्झौता (पिपीए)का विषयमा धेरै चिन्ता नगर्न आग्रह गर्दै भने, 'तपाईंहरू यति काम गर्छौं भनेर आउनुस् । तपाईंहरूको ठाउँबाट गर्नुपर्ने काम पूरा गरेर आउनुस् । मन्त्रालयको तर्फबाट सहजीकरण गर्ने वातावरण बन्छ । निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार तयार छौं ।'

इपानका अध्यक्ष गणेश कार्कीले मुलुकको ऊर्जा क्षेत्र सकारात्मकरूपमा अगाडि बढेको उल्लेख गर्दै विद्युत् खरिद सम्झौतालगायतका माग सम्बोधन गर्न आग्रह गरे । उनले ऊर्जा क्षेत्रका सुरक्षा चुनौती सम्बोधन गरिदिन सरकारको ध्यानाकर्षण गराए ।

## कर्पोरेट

### लुम्बिनी विकास बैंकद्वारा साहारा फुटबल एकेडेमीलाई आर्थिक सहयोग




**काठमाडौं (प्रस)–** लुम्बिनी विकास बैंक लि.ले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत साहारा एकेडेमी पोखराद्वारा पोखरा - १७ दोबिल्लामा सञ्चालित साहारा फुटबल एकेडेमीलाई बिगत बर्षहरूमा गरिरहेको सहयोगलाई निरन्तरता दिदै आर्थिक सहयोग स्वरूप रु. २ लाख ४४ हजार ८ सय सहयोग हस्तान्तरण गरेको छ ।

बैंकका सञ्चालक समितीका सदस्य रामचन्द्र सिग्देलले साहारा क्लबका अध्यक्ष केशवराज वराललाई उक्त रकमको चेक हस्तान्तरण गरे । सिग्देलले साहारा एकेडेमीमा आश्रित बालबालिकालाई सहयोग गर्न पाउनु खुसीको कुरा रहेको बताए । साहाराले निकै राम्रो र प्रशंसनीय कार्य गर्दै आएकोमा सञ्चालक सिग्देलले क्लबको प्रशंशा समेत गरे ।

लुम्बिनी विकास बैंकले प्रदान गरेको आर्थिक सहयोगका लागि आभार प्रकट गर्दै साहारा क्लबका अध्यक्ष वरालले सहयोग रकम एकेडेमीमा आश्रित बालकहरूको खाजा र खानाका लागि खर्च गरिने बताए । कार्यक्रममा बैंकका पोखरास्थित शाखाहरूका प्रवन्धकहरू, क्लबका निवर्तमान अध्यक्ष हरिराम गुरुङ र पूर्वअध्यक्ष विक्रम थकालीलगायत सरोकारवालाहरूको उपस्थिती रहेको थियो ।

एकेडेमीमा हाल १५ जिल्लाका ४५ कठिन एवं विपन्न परिस्थितिका बालकहरू छन् । साहारा क्लब पोखराले उनीहरूको लालन-पालन, शिक्षासँगै फुटबल प्रशिक्षण दिँदै आएको छ । क्लबले २०६१ सालदेखि एकेडेमी सञ्चालन गरिरहेको छ । देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरूमा गरी ८९ वटा शाखा कार्यालयहरू तथा एक विस्तारित शाखा (एक्सटेन्सन काउण्टर) रहेको छ ।

### नेपालमा एक लाख टिभिएस् एन्टर्क बिक्री

**काठमाडौं (प्रस)–** नेपालको लागि टिभिएस् मोटर कम्पनीको एकमात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले नेपालमा ल्याएको स्कुटर टिभिएस् एनटर्कले १ लाख माइलस्टोन पुरा गर्न सफल भएको छ ।




२०१८ मा नेपालमा लन्च भए लगत्तै नेपाली ग्राहकहरूमाझ लोकप्रिय नेपालको पहिलो स्पोर्टी स्मार्ट स्कुटर टिभिएस् एनटर्क १ लाख बिक्री भईसकेको छ । बलियो र स्टाइलिश लुक तथा स्मार्ट फिचरले गर्दा टिभिएस् एनटर्कले चाँडै ग्राहकहरूको विश्वास जित्न सफल भएको हो । यस बारेमा बोल्दै जगदम्बा मोटर्सका म्यानेजिङ डाइरेक्टर साहिल अग्रवालले भने, 'हामीले नेपाली ग्राहकहरूको यति धेरै माया र विश्वास पाएका छौं । लन्च गरेको यति छोटो अवधिमै १ लाख एनटर्कहरू रोडमा गुडिसकेका छन् । यो माया र विश्वासको लागि हामी नेपाली ग्राहकहरूप्रति कृतज्ञ छौं ।'

टिभिएस एनटर्क बेस्ट-इन-क्लास पावर, पिक-अप र पर्फर्मेन्सको लागि लोकप्रिय छ । यसको टिभिएस एनटर्क ड्रम आकर्षक मुल्यको कारण बढी रुचाइएको छ भने हालसालै लन्च भएको टिभिएस एनटर्क एक्सपीले माइलेज र पावरको उत्कृष्ट कम्बिनेसन प्रदान गर्दछ । टिभिएस एक्सपिमा आरटि-एफ्आइ प्रविधी, भोइस कमान्ड, राइड मोड लगायत ६० वटा भन्दा धेरै स्मार्ट कनेक्ट फिचरहरू उपलब्ध छन् । नेपाली बजारमा अत्याधुनिक प्रविधियुक्त स्कुटरहरू उपलब्ध गराउने टिभिएस् पहिलो कम्पनी हो ।

स्मार्ट टेक्नोलोजी, दमदार पर्फर्मेन्स र स्पोर्टी डिजाइनले गर्दा टिभिएस एनटर्क ग्राहकहरूको पहिलो रोजाइमा पर्न सफल भएको हो । लन्च भएको छोटो समयमा नै १ लाख टिभिएस् एनटर्कहरू सडकमा गुड्नुले तथा कम्पनीले नियमित आयोजना गर्ने राइडहरूमा हुने उल्लेखनीय सहभागिताले टिभिएस् एनटर्कहरूको बढ्दो लोकप्रियतालाई पुष्टी गरेको छ । एनटर्कले नेपालमा १२५ सीसीको स्कुटर बजारमा नयाँ क्याटेगोरी मात्र नथपेर नेपाली ग्राहकहरूको लागि प्रशस्त छनोटका अवसरहरू प्रदान गर्दै विकासको नयाँ युगको सुरुवात गरेको छ । एक लाख स्कुटर बिक्री भएको उपलक्ष्यमा टिभिएस् एनटर्क अहिले ३,९९९ को मासिक किस्तामा उपलब्ध छ ।

# हेटौंडा सिमेन्टको उत्पादन माघ तेस्रो सातादेखि

■ **प्रभाव संवाददाता**

**मकवानपुर–** कोइला व्यवस्थापन हुन नसक्दा करिब तीन महिनाअघिदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले माघ तेस्रो सातादेखि उत्पादन सुरु गर्ने योजना बनाएको छ । आर्थिक अभावले कोइला आपूर्ति हुन नसकेपछि उद्योग बन्द गरिएकामा सरकारले अनुदान उपलब्ध गराएमा माघ तेस्रो सातादेखि उत्पादन सुरु गर्ने योजना रहेको उद्योग कार्यालयले जनाएको छ ।

उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले उद्योग व्यवस्थापनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्रीसमक्ष सरकारको तर्फबाट केही अनुदान उपलब्ध गराउन अनुरोध गरेको जानकारी दिए । यथाशीघ्र उद्योगलाई आवश्यक पर्ने कोइला आपूर्ति गर्नका लागि अनुदान उपलब्ध गराउन अनुरोध गरिएको जनाउँदै उनले माघ तेस्रो सातासम्ममा कोइला खरिद प्रक्रिया सुरु गरी सिमेन्टको उत्पादन सुरु गर्ने लक्ष्य रहेको बताए ।

उद्योगले सिमेन्ट उत्पादन गर्न आर्थिक सङ्कटका कारण कठिनाइ व्यहोर्नुपरिरहेको छ । उक्त उद्योग व्यवस्थापनले अहिले पर्याप्त आर्थिक स्रोत जुटाउने प्रयास गर्दागर्दै पनि तत्काल स्रोत जुटाउन नसक्दा बोलपत्र आह्वानमार्फत कोइला खरिद गरी ल्याउने कार्यमा अहिले अवरोध उत्पन्न भएको जनाएको छ ।

सो उद्योगलाई हाल नियमित उत्पादन सुरु गर्न करिब तीन हजार मेट्रिक टन कोइला आवश्यक पर्ने र सो कोइलाले एक महिनासम्म सिमेन्ट उत्पादन गर्न पुग्ने उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । उनका अनुसार अहिले उद्योगको भण्डारणमा करिब छ सय मेट्रिक टन मात्रै कोइला रहेको छ । उद्योगबाट उत्पादित मौज्दात सिमेन्ट दुई लाख २५ हजार बोरा तत्काल विभिन्न सहरमा बिक्री हुन नसकेकाले आर्थिक सङ्कट आइपरेको कर्णले बताए ।

सङ्घीय सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेशप्रसाद रिजालले केही दिनअघि उद्योगको आकस्मिक अनुगमन गर्नुभई के-कति कारणले आर्थिक सङ्कट आइपरेको अवलोकन गरेका थिए । उनले जीर्ण भएका उपकरणलाई तत्कालै मर्मतसम्भार गरी सञ्चालन गर्ने विषयमा पनि जानकारी लिएका थिए । त्यस अवसरमा मन्त्री रिजालले उद्योगलाई यथाशीघ्र सञ्चालनमा ल्याउन प्रधानमन्त्री र आफ्नो मन्त्रालयले सक्दो अनुदानको व्यवस्था गराउनेतर्फ पनि विचारविमर्श भइरहेको जानकारी दिएको नायब महाप्रबन्धक कर्णले बताए ।

उद्योगका महाप्रबन्धक पाण्डेले उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने दैनिक १६ हजार बोरा लक्ष्य रहेको भए पनि अहिले विभिन्न उपकरण जीर्ण भइसकेकाले दैनिक १० हजार बोरा मात्रै उत्पादन गर्ने गरिएको जानकारी दिए ।

विसं २०३३ मा हेटौंडा सिमेन्ट उद्योग स्थापना गरिएकामा विसं २०४३ मङ्सिर २६ देखि व्यावसायिकरूपमा उत्पादन गरी काठमाडौंलगायत विभिन्न सहरमा बिक्री वितरण भइरहेको उद्योग व्यवस्थापनले जनाएको छ । तत्कालीन श्री ५ को सरकारको रू एक अर्ब २६ करोड लगानीमा उद्योग स्थापना गरी सञ्चालनमा ल्याइएको थियो । अहिले उद्योगमा प्रशासन, लेखा र मजदुर गरी एक सय ५० भन्दा बढीले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । विभिन्न मेसिन तथा उपकरणलाई मर्मतसम्भार गरी नयाँ प्रकृतिबाट सञ्चालनमा ल्याएमात्रै हेटौंडा सिमेन्ट उद्योगलाई आर्थिक सङ्कटमुक्त बनाउन सकिने मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताए । उनले यो उद्योग नियमिन सञ्चालनमा आए देशको सिमेन्ट आपूर्तिमा ३० प्रतिशतले सहयोग पुग्ने जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ